# अध्याय एक

# शोधपरिचय

## १.१ अध्ययनको पृष्ठभूमि

निमन्त्रणा औपचारिक पत्रको एउटा प्रकार हो । कुनै कार्यक्रम, गोष्ठी वा पारिवारिक कार्यमा उपस्थितिका लागि अनुरोध गरी निम्तो लेखिने पत्र नै निमन्त्रणा हो । निमन्त्रणा लेखन कलामा विकास गर्न मद्दत पुऱ्याउने लेख्य विधा हो । यो विशेषतः सिर्जनात्मक लेखनसँग सम्बन्धित हुन्छ । निमन्त्रणापत्र पढ्न जान्ने सबैले लेख्न सक्दछ भन्ने होइन । यसको लेखनमा जसले सधैँ लेख्ने अभ्यास गर्दछ त्यसले मात्र लेख्न सक्दछ । औपचारिकता, सङ्क्षिप्तता, स्पष्टता, स्तरीयता र शिष्ट भाषाको प्रयोग निमन्त्रणा लेखनको गहना हो । लेखाइ सीपमा उत्कृष्टता प्रदान गर्न निमन्त्रणा लेखन गराउनु उपयोगी हुन्छ । निमन्त्रणापत्र लेखन क्षमताले विद्यार्थीको अभिव्यक्ति सीपलाई अझ बढी परिष्कृत, परिमार्जन र स्तरीय बनाउन सहयोग गर्दछ ।

लेखाइ सीपको विकासका क्रममा विभिन्न पक्षहरूलाई अगाडि सारिएको हुन्छ । जसमा विभिन्न विषय क्षेत्रसँग सम्बन्धित पक्षको उपयोग गरी विद्यार्थीहरूको लेखन क्षमतामा विविधता ल्याउन सकिए पनि हरेक पक्षहरूको लेखाइ सीपको विकासमा आफ्नै किसिमको महत्त्व रहेको हुन्छ । जसमा लेखाइका विभिन्न पक्षहरूअन्तर्गत एक महत्त्वपूर्ण पक्ष व्यावहारिक लेखन कला हो । जसअन्तर्गत विज्ञापन, निवेदन, बधाई र चिठी लेखनका साथसाथै निमन्त्रणा लेखन पनि लेखन कला विकासका लागि सहयोग पुऱ्याउने व्यावहारिक/सिर्जनात्मक रचना हो । निमन्त्रणा पत्रको रचना निवेदन वा चिठीभन्दा अलि वेग्लै तरिकाले गरिन्छ ।

कुनै गोष्ठी, सेमिनार, सभा समारोह, विवाह, व्रतबन्ध, भोज, मृत्यु संस्कार आदिका निम्ति लेखिने पत्र निमन्त्रणापत्र हो । विषयअनुसार यसका भाषा र स्वरूपमा भिन्नता हुने भए तापनि उपस्थितिका निम्ति अनुरोध गर्नु यसको उद्देश्य हो (सुवेदी र अन्य, २०७२ : १८५) । निमन्त्रणा लेखन कार्य वर्तमानमा मात्र नभई प्राचीन समयदेखि आफ्ना आफन्तजन, शुभचिन्तक, छरछिमेकलाई आमन्त्रण गर्नका लागि निमन्त्रणा लेखेर पठाउने प्रचलन रहेको थियो । यसरी प्राचीन समयदेखि अहिलेसम्म निमन्त्रणापत्रको महत्त्व उत्तिकै रहेको छ ।

यसप्रकार सम्पूर्ण तहको पाठ्यक्रममा निमन्त्रणापत्र लेखनलाई समावेश गरिएको छ । यसले निमन्त्रणापत्र लेखनको महत्त्व नेपाली भाषाअन्तर्गत सधैँ अपरिहार्य रहिरहने अध्ययनकर्ताहरूको ठहर छ ।

## १.२ समस्याकथन

भाषा मानवीय अवयवद्वारा उच्चरित सार्थक ध्वनि हो । भाषाका मुख्यतः दुई रूप मौखिक र लिखित हुन्छन् जसमा निमन्त्रणापत्र लेखन सीपअन्तर्गतको औपचारिक र व्यावहारिक रचना हो । यसले लेखन सीपलाई उत्कृष्टता प्रदान गर्न मद्दत गर्दछ । लेखन कलामध्ये उत्कृष्ट र विशिष्ट भाषाको प्रयोग निमन्त्रणापत्रमा गरिन्छ । प्राचीन समयदेखि हालसम्म निमन्त्रणापत्रको महत्त्व समान रूपमा रहेको छ । निमन्त्रणापत्र लेखन विद्यालय तहदेखि उच्च तहसम्मका पाठ्यक्रममा समावेश  गरेको छ । जसले गर्दा विद्यार्थीको लेखन सीप विकासमा महत्त्वपूर्ण टेवा पुऱ्याइरहेको छ ।

प्रस्तुत अध्ययन कञ्चनपुर जिल्लाका कक्षा एघारमा अध्ययनरत विद्यार्थीहरूको निमन्त्रणा लेखन क्षमताको अध्ययन शीर्षक प्रस्तुत शोधपत्रको प्रमुख समस्याको रूपमा रहेको छ । निमन्त्रणापत्र लेखन समय परिस्थितिअनुसार यसको भाषा अलि फरक हुँदै जान्छ । निमन्त्रणापत्र जुनसुकै किसिमको भए पनि त्यसमा प्रयुक्त भाषा संक्षिप्त, शिष्ट, सभ्य, सुस्पष्ट र सुमधुर हुनुदर्पछ । निमन्त्रणापत्र लेखनमा विद्यार्थीहरूको केकस्तो क्षमता कस्तो छ भन्ने कुरा प्रमाणित गर्नुमा शोध समस्या केन्द्रित रहेको छ ।

प्रस्तुत शोध निम्नलिखित समस्यामा केन्द्रित भई तयार गरिएको छ :

(क) कञ्चनपुर जिल्लाका कक्षा एघारमा अध्ययनरत विद्यार्थीहरूको निमन्त्रणापत्र लेखन क्षमता के कस्तो रहेको छ ?

(ख) लैङ्गिकताका आधारमा कक्षा एघारका विद्यार्थीहरूको निमन्त्रणापत्र लेखनको तुलना कसरी गर्न सकिन्छ ?

(ग) भाषिक पृष्ठभूमि र विद्यालय प्रकृतिका आधारमा कक्षा एघारका विद्यार्थीको निमन्त्रणा लेखनको तुलना कसरी गर्न सकिन्छ ?

## १.३ अध्ययनको उद्देश्य

कुनै पनि शोधको उद्देश्य शोधको समस्यामा आधारित हुने भएकाले उद्देश्य बिना कुनै पनि कार्य सम्पन्न हुन सक्तैन । त्यसैले मेरो शोधपत्र निम्नलिखित उद्देश्यमा केन्द्रित रहेको छ :

(क) कञ्चनपुर जिल्लाका कक्षा एघारमा अध्ययनरत विद्यार्थीहरूको निमन्त्रणापत्र लेखन क्षमताको पहिचान गर्नु,

(ख) लैङ्गिकताका आधारमा कक्षा एघारमा अध्ययनरत विद्यार्थीहरूको निमन्त्रणापत्र लेखन क्षमताको तुलना गर्नु,

(ग) भाषिक पृष्ठभूमि र विद्यालयको प्रकृतिका आधारमा कक्षा एघारमा अध्ययनरत विद्यार्थीको निमन्त्रणापत्र लेखन क्षमताको तुलना गर्नु ।

## १.४ अध्ययनको औचित्य

भाषाका चारओटा सीपहरूमध्ये लेखाइ सीप पनि एक प्रमुख सीप हो । विद्यार्थीमा भएको सिर्जनात्मक क्षमतालाई लेखाइका माध्यमबाट प्रस्फुटन गराउनका लागि विद्यालय तहदेखि उच्च तहसम्म विभिन्न लेखन कलासँग सम्बन्धित विभिन्न क्रियाकलाप गराइने गरिन्छ । त्यसमध्ये निमन्त्रणा लेखन पनि एक महत्त्वपूर्ण क्रिया हो ।

निमन्त्रणा लेखन व्यावहारिक लेखन सम्बन्धी एक शिष्ट र मर्यादित लेखन भएकाले कक्षा एघारमा अध्ययन गर्ने विद्यार्थीहरूमा औपचारिक र विनम्रताको भाषाशैली प्रयोग गर्ने क्षमता केकस्तो रहेको छ भन्ने जिज्ञासा लागेको हुँदा यो अध्ययन सान्दर्भिक ठानेको छु । लेखाइसम्बन्धी ढङ्ग ढाँचाको पहिचान गर्ने निश्चित सीमाभित्र निर्धारित शीर्षकमा लेखिएको नियमबद्ध रचनालाई साङ्ख्यिकीय तथ्याङ्कका आधारमा अध्ययन विश्लेषण गर्दा विभिन्न समूहका विद्यार्थीहरूको लेखाई क्षमता पहिचान गर्न सकिने भएकाले कक्षा एघारमा अध्ययनरत विद्यार्थीहरूको निमन्त्रणापत्र लेखन शीर्षकमा गरिएको यस अध्ययनले विद्यार्थीको निमन्त्रणा लेखन क्षमताको पहिचान गरी सुधारात्मक उपायको खोजी गर्न सहयोग पुऱ्याएको छ ।

## १.५ अध्ययनको सीमा

शोधकार्य आफैँमा जटिल र चुनौतीपूर्ण कार्य हो । अनुसन्धानमा पूरा जनसङ्ख्यालाई लिएर अध्ययन गर्नु असम्भव हुन्छ जसले गर्दा अध्ययनको व्यापकतालाई केही निश्चित घेराभित्र राख्नुपर्ने हुन्छ । जसअनुसार यस अध्ययनलाई निम्नानुसार सीमाङ्कन गरिएको छ ।

(क) यो अध्ययन कञ्चनपुर जिल्लाको २०७५ सालमा कक्षा एघारमा अध्ययनरत विद्यार्थीहरूको निमन्त्रणापत्र लेखन क्षमतामा केन्द्रित रहेको छ ।

(ख) उक्त जिल्लाका ५ सरकारी र ५ निजी विद्यालयहरूमा अध्ययनरत १०/१० जनाका दरले १०० जना विद्यार्थीहरूलाई मात्र सहभागी गराइएको छ ।

(ग) उक्त विद्यालयमा अध्ययनरत विद्यार्थीहरूको लैङ्गिकता, विद्यालयको प्रकृति, भाषिक पृष्ठभूमिको अध्ययनमा मात्र सीमित रहेको छ ।

(घ) उल्लिखित विद्यालयका १०० जना विद्यार्थीहरूमध्ये ५० जना छात्र र ५० जना छात्रा रहेका छन् ।

(ङ) उल्लिखित विद्यालयका १०० जना विद्यार्थीमध्ये ५० जना नेपालीभाषी र ५० जना अन्य भाषी विद्यार्थी रहेका छन् ।

(च) उल्लिखित १०० जना विद्यार्थीमध्ये ५० जना सरकारी विद्यालयका र ५० जना निजी विद्यालयका विद्यार्थीहरू रहेका छन् ।

## १.६ अध्ययनको रूपरेखा

प्रस्तुत अनुसन्धानलाई व्यवस्थित रूप दिनका लागि आवश्यकताअनुसार आठ अध्यायमा मुख्य शीर्षकहरू विभाजन गरी शोधपत्रको रूपरेखा तयार पारिने छ, जुन निम्नानुसार रहेको छ :

अध्याय एक : शोधको परिचय

अध्याय दुई : पूर्वकार्यको पुनरावलोकन र सैद्धान्तिक प्रारूप

अध्याय तीन : अध्ययन विधि र प्रक्रिया

अध्याय चार : समग्र विद्यार्थीहरूको निमन्त्रणापत्र लेखन क्षमताको स्थिति

अध्याय पाँच :	लैङ्गिकताका आधारमा विद्यार्थीहरूको निमन्त्रणा लेखन क्षमताको स्थिति

अध्याय छ :	भाषिक पृष्ठभूमि र विद्यालयको प्रकृतिका आधारमा विद्यार्थीहरूको निमन्त्रणापत्र लेखन क्षमताको स्थिति

अध्याय सात :	सारांश, निष्कर्ष र उपयोगिता

सन्दर्भग्रन्थ सूची

परिशिष्ट

व्यक्तिवृत्त

# अध्याय दुई

# पूर्वकार्यको पुनरावलोकन र सैद्धान्तिक अवधारणा

## २.१ पूर्वकार्यको पुनरावलोकन

कुनै पनि अनुसन्धान गर्नुभन्दा पहिले सम्बन्धित विषयमा लेखिएका ग्रन्थ अनुसन्धन, पत्रपत्रिका, पुस्तक, शोधप्रबन्ध, प्रतिवेदन तथा सामग्रीहरूको सङ्क्षिप्त टिप्पणी गर्नु नै सम्बद्ध कार्यको पुनरावलोकन हो ।

पूर्वकार्यको पुनरावलोकनले त्यस विषयमा त्यस बेलासम्म भएका यावत अनुसन्धानहरूको समक्य जानकारी दिन्छ जसले गर्दा अनुसन्धानकर्तालाई आफ्नो गन्तव्य पहिचान गर्न सरल सहज बनाउँदछ । पूर्वकार्यको पुनरावलोकनले अनुसन्धानलाई उपलब्धिमूलक बनाउनुको साथै अनुसन्धानकर्तालाई समेत सम्बन्धित विषयमा पूर्ण विज्ञ बन्न मद्दत गर्दछ (भट्टराई, २०७३ : १६९) । यस शोधप्रस्तावमा निमन्त्रणा लेखनको अध्ययनसँग सम्बन्धित पूर्वकार्यको पुनरावलोकन वा सोसम्बन्धी भएका प्रयासहरूलाई देहायबमोजिम देखाउन सकिन्छ :

### २.१.१ सम्बद्ध पुस्तक पुनरावलोकन

बराल र एटम (२०६४) द्वारा लिखित 'साधारण नेपाली' नामक पुस्तकमा निमन्त्रणापत्रको बारेमा परिचय दिइएको छ । व्यावहारिक रचनाअन्तर्गत विभिन्न प्रकारमध्ये निमन्त्रणापत्रलाई महत्त्वपूर्ण प्रकारका रूपमा लिइएको छ । प्रस्तुत पुस्तकमा निमन्त्रणापत्रको नमुना बनाई निमन्त्रणा लेख्ने तरिका प्रस्ट पारिएको छ । निमन्त्रणापत्रले लेखन सीपको विकासमा महत्त्वपूर्ण योगदान दिएको पाइन्छ । किनकि निमन्त्रणापत्रले लेखन पनि लेखन कलासँग सम्बन्धित रहेको हुन्छ । भाषिक सीपलाई केन्द्रविन्दु मानी लेखिएको प्रस्तुत पुस्तकमा निमन्त्रणाको उद्देश्य सरल र स्पष्ट रूपमा दिएको छ जसले गर्दा प्रस्तुत शोधपत्र लेखनमा सहयोगी भूमिका निर्वाह गर्ने देखिन्छ ।

पौडेल (२०६६) द्वारा लिखित 'नेपाली भाषाशिक्षण' पुस्तकमा भाषका चार सीप सुनाइ बोलाइ, पढाइ, लेखाइको चर्चा गरिएको पाइन्छ । यस पुस्तकको एकाइ तेह्रअन्तर्गत लेखाइ शिक्षण समावेश गरिएको छ । यसमा लेखाइ शिक्षणको परिचय, माध्यमिक तहमा यसको आवश्यकता, बोलाइ र लेखाइ सीपको सम्बन्ध, यान्त्रिक, निर्देशित, स्वतन्त्र तथा

सिर्जनात्मक लेखन, लेखाइ शिक्षणका कार्यकलापहरू कमजोरी निराकरणका उपायहरू लिखित अभिव्यक्तिहरूको शुद्धीकरण जस्ता कार्यकलाप प्रस्तुत गरी लेखन कलालाई स्तरीय बनाउने प्रयास गरिएको छ । यो पुस्तक स्नातक तहको पाठ्यक्रममा आधारित रहेपनि माध्यमिक तहका विद्यार्थीहरूको लेखन सीप विकासका लागि अत्यन्त उपयोगी सामग्री बनेको छ ।

भण्डारी र अन्य (२०६६) द्वारा लिखित 'साधारण नेपाली' पुस्तकमा व्यावहारिक रचनाअन्तर्गत निमन्त्रणापत्रको चर्चा गरिएको छ । निमन्त्रणपत्र औपचारिक रूपमा लेखिने एक प्रकारको सामाजिक पत्र हो । निमन्त्रणापत्र भनेको कुनै खास अवसरमा निम्तो दिने उद्देश्यले लेखिने पत्र हो । यसमा संक्षिप्त र स्पष्ट भाषाशैली प्रयोग गरिन्छ भने जुन कार्यक्रममा सहभागी हुनका लागि निम्तो गरिएको हो । त्यससँग सम्बन्धित मिति समय स्थान उल्लेख गरएको हुन्छ । यसरी यस पुस्तकमा निमन्त्रणापत्र लेख्दा कस्तो भाषाशैली प्रयोग गर्ने, यसको खास उद्देश्य के हो र के को शुभ अवसरमा कहाँ कुन मितिमा उपस्थित हुनुपर्ने हो सो उल्लेख गरेर लेख्नुपर्ने कुरा उल्लेख गरिएको हुँदा निमन्त्रणापत्र लेखनमा यस पुस्तकको महत्त्व अत्यन्तै रहेको छ ।

पौडेल (२०७०) द्वारा लिखित 'नेपाली भाषा शिक्षण' नामक पुस्तक लेखनकला शिक्षणका लागि उपयुक्त मानिन्छ । जसमा जम्मा ६ अध्याय रहेका छन् । यस पुस्तकको अध्याय दुईअन्तर्गत लेखनकला शिक्षण कार्यकलाप समावेश गरिएको छ । यसमा लेखनकलाको प्रयोजन, लेखनकला शिक्षण कार्यकलाप समावेश गरिएको छ । यसमा लेखनकलाको प्रयोजन, लेखनकला शिक्षण कार्यकलाप, लेखनकला विकासका प्रारम्भिक कार्यकलाप, लेखनकला विकासका उत्तरवर्ती कार्यकलाप यी चार तहमा विभाजन गरिएको छ । यो पुस्तक विशेषतः स्नातकोत्तर तहको पाठ्यक्रममा आधारित रहेको भए तापनि यसमा रहेको लेखनकला, विकाससम्बन्धी प्रारम्भिक र उत्तरवर्ती कार्यकलाप लेखन सीपका लागि अत्यन्तै उपयोगी सामग्री बनेका छन् ।

सुवेदी र अन्य (२०७२) द्वारा लिखित 'कक्षा एघार सबैको नेपाली' नामक पुस्तकमा पत्र रचनाअन्तर्गत चिठी र निमन्त्रणालाई समावेश गरी लेखिएको छ । निमन्त्रणा कुनै गोष्ठी, सेमिनार, सभा, समारोह, विवाह, व्रतबन्ध, भोज आदिका निम्ति लेखिने पत्र हो विषयअनुसार यसका भाषा र स्वरूपमा भिन्नता हुने भए पनि उपस्थितिका निम्ति अनुरोध यसको मुख्य

उद्देश्य हो । यो पुस्तकमा निमन्त्रणा कसको केको शुभ अवसरमा कहाँ कुन मितिमा उपस्थित हुनुपर्ने हो सो उल्लेख गरेर लेख्नुपर्ने कुरा उल्लेख गरिएको हुँदा निमन्त्रणा लेखनमा यस पुस्तकको महत्त्व अत्यन्तै छ ।

सुवेदी र अन्य (२०७४) द्वारा लिखित 'कक्षा एघारको सबैको नेपाली' पुस्तकमा पत्ररचना अन्तर्गत चिठी र निमन्त्रणा पत्रलाई  समावेश गरी देखिएको छ । प्रयुक्त पुस्तकमा निमन्त्रणापत्र अन्तर्गत गोष्ठीका लागि लेखिने निमन्त्रणा पत्र र विवाहका लागि लेखिने निमन्त्रणा पत्रको नमुना उल्लेख गरिएको छ । यसका साथसाथै निमन्त्रणा लेख्दा ध्यान दिनुपर्ने कुराहरू पनि उल्लेख गरिएको हुँदा निमन्त्रणा लेखनमा यस पुस्तकको महत्त्व अत्यन्त रहेको छ ।

### २.१.२ शोध सम्बद्ध पुनरावलोकन

पौडेल (२०६५) द्वारा 'ललितपुर जिल्लाका कक्षा नौ पुरा गरेका विद्यार्थीहरूको वादविवाद लेखन क्षमताको अध्ययन' शीर्षकमा शोधकार्य भएको पाइन्छ । उक्त शोधको उद्देश्य कक्षा नौ पुरा गरेका विद्यार्थीको वादविवाद लेखन क्षमताको अध्ययन गर्नु संस्थागत र सरकारी विद्यालयका विद्यार्थीहरूको वादविवाद क्षमताको अध्ययन गर्नु, सहरी र ग्रामीण विद्यालयका विद्यार्थीको वादविवाद लेखन क्षमता बिचमा तुलना गर्नु र वादविवाद लेखन क्षमताका विद्यार्थीहरूमा देखिन्छ । कमीकमजोरी हटाउन सुझाव दिनु रहेका छन् । मुख्य रूपमा क्षेत्रीय विधिलाई उपयोगी गरिएको उक्त शोधमा अपेक्षित परिणाम मध्यम किसिमको रहेको, सहरी क्षेत्रमा भन्दा ग्रामीण क्षेत्रका संस्थागत भन्दा सरकारी विद्यालयका र छात्राभन्दा छात्रको तुलनात्मक स्थिति राम्रो रहेको निष्कर्ष निकालिएको छ । जसले गर्दा निजी र सरकारी विद्यालयको तुलना गर्न सहयोग मिल्ने देखिन्छ ।

कँडेल (२०६८) द्वारा 'बर्दिया जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको चिठी लेखन क्षमताको अध्ययन' शीर्षकमा अनुसन्धान भएको पाइन्छ । प्रस्तुत शोधको उद्देश्यमा बर्दिया जिल्लाका कक्षा आठमा अध्ययनरत थारूभाषी विद्यार्थीहरूको  चिठी  लेखन क्षमताको अध्ययन गर्नु, थारुभाषी विद्यार्थीहरूको लैङ्गिक आधारमा तुलना गर्नु र विद्यालय प्रकृतिका आधारमा विद्यार्थीहरूको चिठी लेखन क्षमताको तुलना गर्नु रहेको छ । प्रस्तुत शोधका लागि क्षेत्रीय अध्ययन विधि र वर्णनात्मक विधिअन्तर्गतका प्रतिनिधि नमुना छनोट, तथ्याङ्क सङ्कलन र विश्लेषण जस्ता विधिको प्रयोग गरएको पाइन्छ भने सामुदायिक

विद्यालयका विद्यार्थीहरूभन्दा संस्थागत विद्यालयका विद्यार्थीहरूको लेखन क्षमता बढी रहेको र समूहगत आधारमा सार्थक अन्तर देखिएको पाइन्छ ।

काफ्ले (२०६८) द्वारा 'गुल्मी जिल्लाको कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको अनुच्छेदलेखन क्षमताको अध्ययन' शीर्षकमा शोधकार्य भएको पाइन्छ । यस शोधको उद्देश्य विद्यार्थीहरूको अनुच्छेदलेखन क्षमताको पहिचान गर्नु, निजी तथा सरकारी विद्यालयका विद्यार्थीहरूको भाषिक पृष्ठभूमि तथा लैङ्गिक आधारमा अनुच्छेदलेखन क्षमताको तुलनात्मक अध्ययन गर्नु रहेका छन् क्षेत्रीय अध्ययन विधिको प्रयोग गरिएको उक्त शोधमा काठमाडौँ उपत्यकाको ललितपुर जिल्लाको छवटा विद्यालयमा अध्ययनरत ६० जना विद्यार्थीहरू प्रतिनिधि नमुनाका रूपमा छनोट गरिएको छ । उक्त शोधमा विद्यार्थीहरूको अनुच्छेदलेखन क्षमता मध्यम स्तरको रहेको निष्कर्ष निकालिएको छ । उक्त शोधको उद्देश्य अनुच्छेदलेखन क्षमतामा केन्द्रित रहेको र प्रस्तुत शोध निमन्त्रणापत्र लेखन क्षमतासँग सम्बन्धित भएर गरिने भएकाले भिन्न एवम् विशिष्ट रहने देखिन्छ । यसको अध्ययनबाट शोधकार्यमा सामग्री निर्माण र प्रयोग कार्यका लागि थप मद्दत मिलेको देखिन्छ ।

आचार्य (२०६९) द्वारा 'म्याग्दी जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको निवेदन लेखन क्षमताको अध्ययन' शीर्षकमा शोधकार्य सम्पन्न गरेको पाइन्छ । उक्त शोधपत्रमा कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको निवेदन लेखन क्षमताको पहिचान गर्नु, विद्यालयको प्रकृति, लैङ्गिक आधार र भाषिक पृष्ठभूमिका आधारमा निवेदन लेखन क्षमता पहिल्याउनु र निवेदन लेखनसम्बन्धी केकस्ता कमीकमजोरी छन् जस्ता उद्देश्य रहेका छन् । क्षेत्रीय अध्ययन विधि र सर्वेक्षण विधि प्रयोग गरी शोधपत्र सामग्री सङ्कलनका लागि म्याग्दी जिल्लामा ५/५ ओटा सामुदायिक र संस्थागत विद्यालयका ५०/५० जना गरी जम्मा १०० जना विद्यार्थीहरूलाई नमुनाका रूपमा लिइएको छ । निष्कर्षमा सामुदायिक विद्यालयका विद्यार्थीभन्दा निजी विद्यालयका विद्यार्थीमा विषयवस्तुको ज्ञान, प्रस्तुतीकरण र भाषिक शुद्धता उच्च रहेको, नेपाली नेपाली मातृभाषी विद्यार्थीहरूको भाषिक शुद्धता र विषयवस्तुको ज्ञान उच्च रहे पनि विषयवस्तु संयोजनको शैली मध्यम रहेको देखिएको, छात्र र छात्रामा सबै कुरा समान देखिए तापनि प्रस्तुतिमा छात्रहरूभन्दा छात्राहरू उत्कृष्ट देखियो र अन्त्यमा समग्र छात्र छात्राहरूको लेखाइ अभिव्यक्ति क्षमता सन्तोषजनक रहेको निष्कर्ष निकालिएको छ । उक्त पूर्वकार्य लेखन क्षमताकै अध्ययनमा केन्द्रित भएकाले प्रस्तुत शोधकार्यसँग सम्बन्धित रहेको छ र कक्षा आठका विद्यार्थीहरूलाई आधार मानेर अध्ययन गरिएको उक्त

पूर्वकार्यभन्दा प्रस्तुत शोधकार्य भिन्न रहेको छ । उक्त पूर्वकार्यको पुनरावलोकनले प्रस्तुत अध्ययनलाई जाँचसूची निर्माणमा सहयोग पुगेको देखिन्छ ।

खनाल (२०७३) द्वारा 'इलाम जिल्लाका कक्षा एघारमा अध्ययनरत विद्यार्थीहरूको निमन्त्रणा लेखन क्षमताको अध्ययन' शीर्षकमा अनुसन्धान भएको पाइन्छ । प्रस्तुत शोधकार्यको उद्देश्य लैङ्गिकताका आधारमा निमन्त्रणा लेखन क्षमताको तुलनात्मक स्थिति पहिल्याउनु, विद्यालयको प्रकृतिको आधारमा विद्यार्थीको निमन्त्रणापत्र लेखन क्षमताको स्थिति पहिल्याई निराकरणका उपाय सुझाउनु र इलाम जिल्लाका कक्षा एघारमा अध्ययनरत समग्र विद्यार्थीहरूको निमन्त्रणा पत्र लेखन क्षमता पत्ता लगाउनु रहेको छ । उक्त अध्ययनमा इलाम जिल्लाका ७ ओटा सामुदायिक उ.मा.वि. र ३ ओटा संस्थागत उ.मा.वि.मा अध्ययनरत ५०/५० जना छात्र/छात्रा विद्यार्थीहरूलाई प्रतिनिधि जनसङ्ख्याका रूपमा लिई निमन्त्रणा लेखन क्षमताको अध्ययन गरिएको छ । यसमा क्षेत्रीय अध्ययन विधिको प्रयोग गरिएको छ । यस शोधपत्रमा विद्यालय प्रकृतिका आधारमा सामुदायिक र संस्थागत विद्यालयको तुलनामा संस्थागत विद्यालयका विद्यार्थीहरूको निमन्त्रणा लेखन क्षमता उच्च रहेको, लैङ्गिकताका आधारमा छात्रभन्दा छात्राहरूको निमन्त्रणापत्र लेखन क्षमता उच्च रहेको निष्कर्ष निकालिएको छ । लेखन क्षमताकै अध्ययनमा आधारित प्रस्तुत शोधकार्य पनि उक्त पूर्वकार्यसँग निकट र सम्बन्धित हुँदाहुँदै पनि क्षेत्रगत हिसाबले भिन्न समेत रहेको छ । उक्त पूर्वकार्यबाट प्रस्तुत शोधकार्यको उद्देश्य निर्माण अध्ययन विधि छनोटका लागि आधार प्राप्त भएको छ ।

जोशी (२०७३) द्वारा 'बझाङ जिल्लाका कक्षा एघारमा अध्ययनरत विद्यार्थीहरूको सूचनालेखन क्षमताको अध्ययन' शीर्षकमा शोधकार्य सम्पन्न गरेको पाइन्छ । उक्त शोधपत्रमा कक्षा एघारमा अध्ययनरत विद्यार्थीहरूको लेखन क्षमताको अध्ययन गर्नु, लैङ्गिकताका आधारमा छात्र र छात्रा विद्यार्थीहरूको लेखन क्षमताको तुलनात्मक स्थिति पहिल्याउनु र ग्रामीण र शहरका विद्यार्थीहरूको सूचना लेखन क्षमताको तुलनात्मक अध्ययन गर्नु यस शोधको उद्देश्य रहेको छ । उक्त शोधपत्रमा क्षेत्रीय अध्ययन र नमुना छनोट विधि अपनाइ सम्पन्न गरिएको शोधपत्रमा १० ओटा उच्च मा.वि. छनोट गरी प्रत्येक उ.मा.वि. बाट १०/१० जना गरी जम्मा १०० जना नमुना छनोटका रूपमा लिइएको छ । जसमा ५० जना छात्र र ५० जना छात्रा रहेका छन् । निष्कर्षमा लैङ्गिक आधारमा हेर्दा छात्रभन्दा छात्राहरूको सूचना लेखन क्षमता कमजोर रहेको, नगर विद्यालयका विद्यार्थीभन्दा ग्रामीण

विद्यालयका विद्यार्थीहरूको सूचना लेखन क्षमता कमजोर रहेको, समग्रमा बझाङ जिल्लाका कक्षा एघारमा अध्ययनरत विद्यार्थीहरूको सूचना लेखन क्षमता राम्रै रहेको निष्कर्ष निकालिएको छ । प्रस्तुत शोधकार्य लेखन क्षमतासँग केन्द्रित भएकाले उक्त पूर्वकार्यसँग सम्बन्धित रहेको छ । कक्षा एघारलाई आधार मानेर तयार पारिएको उक्त पूर्वकार्यभन्दा प्रस्तुत शोधकार्य क्षेत्रगत दृष्टिले भिन्न समेत रहेको छ । उक्त पूर्वकार्यको पुनरावलोकनले प्रस्तुत शोधकार्यको उद्देश्य निर्माण र तालिकीकरण निर्माणमा आधार प्राप्त भएको छ ।

पोखरेल (२०७३) द्वारा 'बि.एड. प्रथम वर्षका विद्यार्थीहरूको बधाइ लेखन क्षमताको अध्ययन' शीर्षकको शोधपत्र तयार पारिएको छ । उक्त शोधपत्रमा बि.एड. प्रथम वर्षमा अध्ययनरत विद्यार्थीहरूको बधाइ लेखन क्षमता पत्ता लगाउनु, लैङ्गिक आधारमा विद्यार्थीहरूको बधाइ लेखन क्षमताको तुलनात्मक स्थिति पत्ता लगाउनु उद्देश्यहरू निर्धारण गरिएको छ । जसमा शोधार्थीले शोधकार्य सम्पन्न गर्ने सर्वेक्षण विधिको प्रयोग गरेको पाइन्छ । शोधकार्यलाई वस्तुगत र जीवन्त बनाउने क्रममा जनसङ्ख्या पहिचान, प्रतिनिधि नमुना छनोट, तथ्याङ्क सङ्कलनका लागि सामग्री निर्माण त्यसको पूर्वपरीक्षण, परीक्षणको कार्यान्वयन वा तथ्याङ्क सङ्कलन सङ्कलित तथ्याङ्कहरूको व्याख्या विश्लेषण र प्रस्तुतीकरण जस्ता सर्वेक्षणात्मक विधिका पक्षहरूको उपयोग गरेको पाइन्छ । प्रस्तुत शोधपत्रमा सम्बन्धन प्राप्त क्याम्पसका सापेक्षतामा आङ्गिक क्याम्पसका विद्यार्थीहरू बधाई लेखन क्षमतामा बढी क्षमतावान रहेको तथ्याङ्क देखाइएको छ भने लैङ्गिक आधारमा छात्रको तुलनामा छात्रहरू बधाइ लेखन क्षमतामा सक्षम छन् भन्ने तथ्याङ्क निष्कर्षमा प्रस्तुत गरिएको छ । लेखन क्षमताकै अध्ययनमा आधारित प्रस्तुत शोधकार्य पनि उक्त पूर्वकार्यसँग निकट र सम्बन्धित रहेको छ भने कक्षा र अध्ययन क्षेत्रका आधारमा भिन्न समेत रहेको । उक्त पूर्वकार्यबाट प्रस्तुत शोधकार्यलाई सामाग्री सङ्कलन, तथ्याङ्क विश्लेषण र निष्कर्षमा पुग्नका लागि केही आधार प्राप्त भएको छ ।

अर्याल (२०७५) द्वारा 'इलाम जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको निमन्त्रणापत्र लेखन क्षमताको एक अध्ययन' शीर्षकमा शोधकार्य भएको पाइन्छ । उक्त अध्ययनका उद्देश्यहरू सिन्धुली जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमताको तुलनात्मक अध्ययन गर्नु, भाषिक पृष्ठभूमिका आधारमा निबन्धलेखन क्षमताको तुलना गर्नु र त्यसमा रहेका कमीकमजोरी पत्ता लगाई सुझाव दिनु रहेका छन् । उक्त शोधपत्रमा क्षेत्रीय अध्ययन नमुनाका रूपमा सिन्धुली जिल्लाभित्र पर्ने चारवटा विद्यालयका

जम्मा ८० जना विद्यार्थीको प्रतिनिधि नमुना छनोट गरिएको छ । उक्त शोधमा निजी विद्यालयको तुलनामा सरकारी विद्यालयको विनेपाली मातृभाषीको तुलनामा नेपाली मातृभाषीको र छात्राको तुलनामा छात्रको निबन्धलेखन क्षमता राम्रो रहेको निष्कर्ष निकालिएको छ । उक्त पुनरावलोकनबाट प्रस्तुत अध्ययनका लागि आवश्यक सामग्री निर्माण गर्न सहयोग मिल्ने देखिन्छ । साथै शोधकार्यका लागि उद्देश्य निर्धारण गर्न सहयोग पुगेको छ ।

## २.२ सैद्धान्तिक अवधारणा

### २.२.१ निमन्त्रणापत्रको सैद्धान्तिक परिचय

भाषा आर्जन र प्रयोगमा आधारित मानवीय व्यवहार हो । घर परिवार एवम् समाजबाटै सिकिने र समाजमै प्रयोग व्यवहार गरिने भएकाले यसलाई सामाजिक वस्तु वा सम्पत्तिका रूपमा लिइन्छ । सुरुमा उच्चर्य वा कथ्य भाषाका रूपमा रहेको भाषा नै पछि आएर लिपिबद्ध हुन थालेको हो । समाजको विकास सँगसँगै भाषाको पनि विकास हुँदै आयो र क्रमशः स्तरीयता प्राप्त गर्न थाल्यो । भाषाका चार सीप रहेका हुन्छन् जसमा सुनाइ, बोलाइ, पढाइ, लेखाइ यी मध्ये सुनाइ र पढाइ आदानात्मक प्रकृतिका भाषिक सीप हुन् भने बोलाइ र लेखाइ प्रदानात्मक प्रकृतिका सीप हुन् । यी सीपमध्ये लेखाइ सीपको विकासमा महत्त्वपूर्ण सहयोग पुऱ्याउने विधामध्ये निमन्त्रणापत्र लेखन पनि एक हो । कुनै पनि व्यक्ति वा संस्थाले अर्को व्यक्ति वा संस्थालाई आवश्यकीय कुराहरू समेटेरप लिखित रूपमा पढाइने सन्देशलाई पत्र भनिन्छ । पत्रहरूका विभिन्न प्रकार हुन्छन् । वैयक्तिक, कार्यालयीय, व्यापारिक, औपचारिक पत्रका प्रमुख प्रकार हुन् । यीमध्ये वैयक्तिक पत्रमा निजी वा घरेलु विषयअन्तर्गत हुन्छन् भने कार्यालयीय पत्रमा निवेदन, सूचना वा जानकारी आदि सम्बन्धी विषयहरू सन्निहित हुन्छन् । सन्देशमूलक पत्रअन्तर्गत बधाईपत्र, समवेदना, शुभकामना, अभिनन्दन, प्रशंसापत्र, विज्ञापनपत्र आदि पर्दछन् । जसअन्तर्गत निमन्त्रणापत्र पनि एक प्रमुख पत्रका रूपमा रहेको हुन्छ । पत्रसम्बन्धी व्यापार आदिलाई सशक्त बनाउने आधार हो भने सञ्चारको सशक्त माध्यम हो (अर्याल, २०७५ : ११) । पत्र सरल स्पष्ट र प्रभावकारी हुनुपर्दछ जसले पढाउने व्यक्ति वा संस्थाको विशिष्टता र हार्दिकतालाई सङ्केत गरेको हुन्छ ।

लेखाइ सीपका विभिन्न पक्षहरू रहेका हुन्छन्, ती पक्षहरूमध्ये व्यावहारिक लेखन एक महत्त्वपूर्ण कला हो, ती कलाहरूमध्येको एक कला निमन्त्रणपत्र लेखन हो । निमन्त्रणापत्र

औपचारिक पत्र भेदअन्तर्गत उल्लेख गरिएको पाइन्छ । मूलतः विवाह, भोज, व्रतबन्ध, समारोह, गोष्ठी आदिमा कसैलाई निम्तो दिन तयार पारिने पत्रलाई निमन्त्रणा पत्र भनिन्छ । निमन्त्रणापत्रको आकार संक्षिप्त हुन्छ भने शैली शिष्ट हुन्छ । यसमा आकार संक्षिप्त हुन्छ । यसमा कार्यकमबारे स्पष्ट सूचना वा जानकारी उल्लेख गरिएको हुन्छ । निमन्त्रणापत्र लेखन प्रक्रिया सामान्य नभई जटिल हुने हुँदा सानो वा तल्लो तहमा नभई माथिल्लो तहमा बढी उपयोग गरिन्छ । निमन्त्रणा लेखाइ सीप विकासमा सहयोाग पुऱ्याउने लेख्य विधा हो । मानव समाजमा पास्नी, व्रतबन्ध, विवाह, वार्षिकोत्सव, भोज, सभा, समारोह, गोष्ठी, सेमिनार आदिका अवसरमा निम्तो दिनका लागि लेखिने पत्र नै निमन्त्रणापत्र हो । यसमा कार्यक्रमबारे स्पष्ट सूचना वा जानकारी उल्लेख गरिएको हुन्छ । यसको आरम्भमा निमन्त्रणापत्र शीर्षक राखी क्रमशः अन्य सूचना राख्न सकिन्छ । पहिला श्रीमान्, सुश्री राखी सम्बोधन उल्लेख गर्न सकिन्छ । त्यसपश्चात् विषयवस्तुको जानकारी कार्यक्रमको जानकारी, कार्यक्रम मिति स्थान र समय उल्लेख गरिएको हुन्छ (अर्याल, २०७५ : १७) । समाज परिस्थितिअनुसार यसको भाषा पनि अलि फरक हुन्छ । निमन्त्रणापत्र जुनसुकै भएपनि त्यसमा प्रयुक्त भाषा सङ्क्षिप्त, शिष्ट, सभ्य सुस्पष्ट र सुमधुर हुनु पर्दछ ।

### २.२.२ निमन्त्रणापत्रका प्रकार

निमन्त्रणापत्रका विविध प्रकारहरू रहेका पाइए पनि यहाँ अर्याल (२०७५) का अनुसार निमन्त्रणापत्रका प्रकार निम्नानुसार छन् :

#### (क) विवाहको निमन्त्रणापत्र

शुभविवाहको अवसरमा आफ्ना सम्पूर्ण आफन्तजन, इष्टमित्र, छरछिमेक, साथीभाइ आदिलाई शुभविवाह सम्पन्न गराउनलाई आमन्त्रण गर्नका लागि दिइने पत्रलाई नै विवाहको निमन्त्रणापत्र भनिन्छ । यसमा कुन स्थान, समयमा उपस्थितिका लागि बोलाइएको हो सो कुरा स्पष्ट रूपमा उल्लेख गरिएको हुन्छ ।

#### (ख) पास्नी निमन्त्रणा

सामान्यतया बच्चा जन्मिएको ५/६ महिनामा छोराछोरीलाई अन्न खुवाउने गरिन्छ जसलाई पास्नी भनिन्छ । अन्न खुवाउनका लागि आफ्ना नजिकका आफन्तजन साथीलाई वा छरछिमेकलाई पास्नी कार्यक्रममा सरिक हुनका लागि आमन्त्रण गर्नका लागि निमन्त्रणापत्र

लेखिन्छ । यस्तो निमन्त्रणापत्र मिति स्थान, समय, समयका साथै कस्को पास्नी हुन लागेको हो भन्ने कुराको स्पष्टता रहन्छ ।

(ग) **भोजसम्बन्धी निमन्त्रणापत्र**

कुनै विशेष अवस्था वा चाहेको उचित प्रगति भएमा पदोन्नति गरेको खुशियालीमा खुशी साटासाट गर्ने अवसरमा आफ्ना आफन्तजन, मान्यजन तथा इष्टमित्रलाई उपस्थितिका लागि लेखिने पत्रलाई भोजसम्बन्धी निमन्त्रणापत्र भनिन्छ । यस्तो निमन्त्रणापत्रमा भोजको आयोजना कहिले कुन समयमा कहाँ, कसले, केको उपलक्ष्यमा गर्न लागेको हो सम्पूर्ण विवरण उल्लेख गरी लेख्ने गरिन्छ ।

(घ) **व्रतबन्ध निमन्त्रणापत्र**

हिन्दू परम्पराअनुसार सुरुमा जनै लगाउने दिनलाई व्रतबन्ध भनिन्छ । यसमा आफ्ना नातागोता, साथीभाइ, इष्टमित्र, शुभचिन्तक आदिलाई त्यस कार्यमा उपस्थित भई आशीर्वाद प्रदान गर्नका लागि लेखिने पत्रलाई व्रतबन्ध निमन्त्रणापत्र भनिन्छ । यसमा व्रतबन्धको समय मिति, स्थान र आयोजनाको नाम लेख्नुपर्ने हुन्छ ।

(ङ) **वार्षिकोत्सवको निमन्त्रणापत्र**

कुनै पनि संघसंस्थाले आफ्नो स्थापना भएको वर्ष दिन पुगेपछि मनाउने कार्यक्रममा संस्थाका सदस्य सहित उक्त संस्थासँग सम्बन्धित सम्पूर्ण सरोकारवाला व्यक्तिहरूको उपस्थितिका लागि लेखिएको पत्रलाई वार्षिकोत्सवको निमन्त्रणापत्र भनिन्छ । यस्तो निमन्त्रणापत्रमा कार्यक्रमहरू मिति स्थान, समय उल्लेख गरिएको हुन्छ भने कुन संस्थाको वार्षिकोत्सव मनाउने हो सो पनि निमन्त्रणापत्रमा उल्लेख गरिन्छ ।

(च) **उद्घाटनसम्बन्धी निमन्त्रणापत्र**

कुनै पनि विशेष कार्यक्रमको उद्घाटनका क्रममा त्यस कार्यक्रमलाई शोभा बढाउनका लागि आयोजकले विशिष्ट व्यक्तिहरूलाई आमन्त्रण गर्नका लागि लेखिने पत्र उद्घाटनसम्बन्धी निमन्त्रणापत्र हो । यसमा कार्यक्रममा उद्घाटन हुने मिति, स्थान, समय आदि उल्लेख गरिएको हुन्छ ।

(छ) **सभा समारोहको निमन्त्रणापत्र**

कुनै पनि एक मुख्य विषयमा केन्द्रित रहेर कार्यक्रमको आयोजना गरी उक्त समारोहमा सरोकारवाला व्यक्तिहरूलाई उक्त कार्यक्रममा अनिवार्य उपस्थिति भई उक्त कार्यक्रमप्रति लागेको जिज्ञासा सोधी शोभा बढाइदिनका लागि लेखिने पत्रलाई नै सभा समारोह निमन्त्रणापत्र भनिन्छ । यसमा सभा समारोह, आयोजना गर्ने व्यक्ति वा संस्थाको नाम, उपस्थिति हुनुपर्ने स्थान, मिति, समय उल्लेख गरिएको हुन्छ ।

(ज) **पूजासम्बन्धी निमन्त्रणापत्र**

व्यक्तिले कुनै विशेष अवसरहरूमा पूजाको आयोजना गरी पूजामा समावेश हुनुका लागि आफ्ना नजिकका व्यक्तिहरूलाई आमन्त्रण गर्नु नै पूजा सम्बन्धी निमन्त्रणापत्र हो । यसमा कार्यक्रम हुने मिति, समय, स्थान आदि उल्लेख गरिएको हुन्छ ।

(झ) **मृत्यु संस्कारसम्बन्धी निमन्त्रणापत्र**

मानिसको मृत्युपछि जुठो चोखाउने संस्कारलाई नै मृत्यु संस्कार भनिन्छ । मानवीय संस्कृतिअनुसार वा रीतिरिवाजअनुसार मृत्यु संस्कारमा समावेश हुनका लागि आफ्ना नजिकका आफन्तजनलाई आमन्त्रण गर्नु नै मृत्यु संस्कारसम्बन्धी निमन्त्रणापत्र हो । यसमा मृत व्यक्तिको नाम कार्यक्रम हुने समय, मिति, स्थान आदि उल्लेख गरिएको हुन्छ ।

### २.२.३ निमन्त्रणापत्र लेखनमा ध्यान दिनुपर्ने कुराहरू

निमन्त्रणापत्र लेख्दा ध्यान दिनुपर्ने कुराहरू देहायबमोजिम छन् :

- निमन्त्रणापत्रको आरम्भ श्रीमान्/श्रीमती/सुश्री मानवीय आदि सम्बोधन सूचक शब्दबाट गरेर सम्बन्धित व्यक्तिको नाम लेख्नुपर्छ,
- दोस्रो क्रममा विषयवस्तुको जानकारी गराएर सम्बोधित व्यक्तिलाई उपस्थिति भइदिन अनुरोध गर्नुपर्छ,
- तेस्रो क्रममा कार्यक्रमका बारेमा जानकारी दिनुपर्छ,
- चौथो क्रममा कार्यक्रम हुने मिति, समय र स्थान उल्लेख गर्नुपर्छ,
- अन्त्यमा आयोजक, दर्शनाभिलाषी, प्रार्थी आदि मध्य यथेचित, कुनै एक शब्दको प्रयोग गरी निम्तो दिने व्यक्ति संस्था वा समितिको नाम उल्लेख गर्नुपर्छ ।

### २.२.४ लेखाइ सीपको विकासमा निमन्त्रणापत्र लेखनको स्थान

विचार विनिमयको माध्यमहरूमा लेखाइलाई महत्त्वपूर्ण मानिन्छ । भाषाको कथ्य भेदका सापेक्षतामा लेख्य भेदको महत्त्व अति उच्च रहेको पाइन्छ । मान्छेले बोलेको कुरा चिरस्थायी रहन सक्तैन । ती बोलेका कुराहरूलाई पछिसम्म राखिराख्न लेखाइबाट नै सम्भव हुन्छ । आफूले अनुभव गरेका तथा थाहा पाएका कुराहरू पछिसम्म सम्झनाका लागि सञ्चित गर्न र भविष्यमा आफ्ना लागि समेत उपयोगी बनाउन लेखन कलालाई प्रयोगमा ल्याउन सकिन्छ ।

निमन्त्रणापत्र लेखन व्यावहारिक लेखनको एक महत्त्वपूर्ण र उत्तम कला हो । यसको लेखन स्वतन्त्र र निर्देशित रूपमा रहेको हुन्छ । यो औपचारिक रूपमा लेखिने व्यावहारिक रचना हो । निमन्त्रणापत्र कुनै पनि विशेष असरमा आफ्ना आफन्तजन, इष्टमित्र, भाईबन्धुहरूलाई सहभागी हुनका लागि आमन्त्रण गरिने माध्यम हो (पौड्याल, २०७१ : १७), यसमा त्यस कार्यक्रमको समय स्थान मिति आदि उल्लेख गरिएको हुन्छ । निमन्त्रणा लेखन सिर्जनात्मक लेखन हो । यसबाट स्वतन्त्र, निर्देशित र सिर्जनात्मक लेखाइका अभ्यासहरू गराउन सकिन्छ । प्राथमिक तहदेखि उच्च तहसम्म पनि निमन्त्रणापत्र लेखनलाई महत्त्वपूर्ण कार्यकलाप मान्न सकिन्छ । लेखाइमा वर्णविन्यासगत, व्याकरणगत शब्दभण्डारगत, लिपिचिह्न, वाक्यगठन, विषयवस्तुको आदि मध्य र अन्त्यको प्रस्तुतीकरण तथा लेखाइसम्बन्धी धारणात्मक, प्रयोगात्मक एवम् संज्ञानात्मक सीप विकास गराउन निमन्त्रणापत्र लेखनको स्थान महत्त्वपूर्ण रहेको हुन्छ ।

### २.२.५ माध्यमिक तहमा निमन्त्रणापत्र शिक्षणको प्रयोजन

निमन्त्रणापत्र, विवाह, व्रतबन्ध, सभा, सम्मेलन, उत्सव, पूजाआजा लगायतका विभिन्न शुभकार्यमा भिन्नाभिन्नै तरिकाले लेख्ने गरिन्छ । विद्यार्थीहरूलाई घर व्यवहारको प्रयोग सन्दर्भ सिकाउन घरयासी निमन्त्रणापत्र सिकाइन्छ । यस प्रकारका निमन्त्रणापत्रमा व्यक्तिगत कुराको प्रधानता रहन्छ । कार्यालयीय निमन्त्रणा निवेदन जस्तै हुन्छ । यस प्रकारको निमन्त्रणा लेखन गराउँदा निवेदनकै ढाँचाअनुसार लेख्न सिकाइन्छ तर यो औपचारिक प्रकृतिको हुने भएकाले यसमा विशेष शिष्टता र सावधानी अपनाउनुपर्ने हुन्छ । सामूर्पहिक निमन्त्रणा पत्रको प्रयोजन एउटा समूहले अर्को समूहलाई उपस्थितिको लागि अनुरोध गर्दै लेख्न सिकाउनु हो । वैवाहिक कार्यक्रमका लागि निमन्त्रणापत्रमा वर र वधु

पक्षले आफ्नो आफन्त, नातागोता, छरछिमेक लगायतका मान्यजनलाई उपस्थित भई वर वधुलाई आशीर्वाद दिनका लागि उपस्थित हुन अनुरोध गर्दै लेख्न लगाइन्छ । त्यसैगरी सभासमारोहमा उपस्थित भई कार्यक्रमको शोभा बढाई दिन अनुरोध गरेर लेख्न लगाइन्छ । यसबाट विद्यार्थीहरूमा सामाजिक, सांस्कृतिक, रीतिरिवाजका बारेमा थप जानकारी प्राप्त हुने अवसर मिल्दछ । यसरी यी विविध निमन्त्रणापत्र लेखनसम्बन्धी विद्यार्थीहरूलाई परिचित गराउन सोही अनुसार निमन्त्रणापत्र लेखनमा दक्ष लेखन शैलीसँग विद्यार्थीलाई परिचित गराउन र सोहीअनुसारको निमन्त्रणामा दक्ष बनाउनका लागि निमन्त्रणापत्रलाई पाठ्यपुस्तकमा समावेश गर्नुको प्रमुख उद्देश्य हुन जान्छ ।

निमन्त्रणापत्र लेखनको मुख्य उद्देश्य स्वतन्त्र र निर्देशित रूपमा लेखन सीप हासिल गर्नु हो । निमन्त्रणापत्र लेखन अन्य पत्र रचनाहरूभन्दा पुरानो, ऐतिहासिक सम्बन्ध भएको व्यावहारिक, प्रायोगिक तथा बौद्धिक अभिव्यक्ति हो । निमन्त्रणा लेखनलाई भाषा तथा लेखन सीपका दृष्टिले विविध उद्देश्यका लागि उपयोग गर्न सकिन्छ । खासगरी अभिव्यक्ति तथा लेखन क्षमता अभिवृद्धि गर्नु नै यस शिक्षणको मुख्य प्रयोजन हो । व्यावहारिक लेखनमध्ये निमन्त्रणापत्र लेखन शिक्षणको प्रयोजन लेखाइ सीपको विकास गर्नु र विद्यार्थीहरूको सिर्जनात्मक क्षमता पहिचान गर्नु रहेको छ । त्यसैगरी निमन्त्रणापत्र लेखन शिक्षणबाट विद्यार्थीहरूमा शिष्ट सभ्य र विनम्र भाषाको प्रयोग गरी स्पष्ट र शुद्ध रूपमा लेख्य सीपको विकास हुन जान्छ । विभिन्न संघसंस्था तथा कार्यालयमा आफ्नो कार्यक्रमबारे आमन्त्रण गर्न सक्ने क्षमताको विकास हुन जान्छ । त्यसैगरी निमन्त्रणा लेखन शिक्षणबाट विद्यार्थीहरूलाई शिष्ट, सभ्य र सरल तरिकाले विशेष सावधानी अपनाउने लेख्य रूपमा प्रस्तुत गर्न सक्ने क्षमताको विकास हुन्छ ।

### २.२.६ माध्यमिक तहमा निमन्त्रणा लेखन र शिक्षण क्रियाकलाप

विद्यालय तहका वर्तमान पाठ्यक्रममा प्रारम्भिक तहदेखि नै व्यावहारिक लेखन विधालाई समावेश गरेको पाइन्छ । यसको मुख्य ध्येय लेखाइसँग सम्बन्धित सिर्जनात्मक क्षमता विकास गराउँदै भाषाको मानक रूपसँग परिचित गराउनु हो । माध्यमिक तहको वर्तमान पाठ्यक्रममा स्वतन्त्र र छोटा रचनाअन्तर्गत अर्थात् पत्र रचनाअन्तर्गत निमन्त्रणापत्रलाई समेटेको पाइन्छ ।

माध्यमिक तहको पाठ्यक्रममा साधारण र विशिष्ट दुबै खालका उद्देश्य उल्लेख गरिएका छन् । विशिष्ट उद्देश्यहरू कक्षागत रूपमा सुनाइ, बोलाइ, पढाइ, लेखाइ गरी

भाषाका चारवटै भाषिक सीप विकासका आधारमा समावेश गारिएको प्रारम्भिक तहदेखि नै अनिवार्य रूपमा अध्यापन हुँदै आएको यस विषयको शिक्षण प्रभावकारी एवम् व्यावहारिक हुनुपर्दछ । माध्यमिक तहमा नेपाली भाषा शिक्षणको मुख्य लक्ष्य भाषिक क्षमता अभिवृद्धि गर्नुका साथसाथै अन्य विषय पठनपाठनको माध्यमलाई सहयोग गरी बोध र अभिव्यक्ति पक्षको विकास गर्नु रहेको छ (अर्याल, २०७५ : १३) । यसरी हेर्दा यस पाठ्यक्रमले नेपाली भाषाको शिक्षणका पछाडि भाषिक दक्षता हासिल गराउन प्रमुख लक्ष्य राखेको देखिन्छ । माध्यमिक तहमा निमन्त्रणा लेखन शिक्षणका लागि देहायबमोजिमका क्रियाकलाप गराउन सकिन्छ :

- विद्यार्थीहरूलाई उनीहरूको गाउँ समाजमा हुने विविध सामाजिक क्रियाकलापका बारेमा छलफल गराउने,
- त्यस्ता क्रियाकलापहरूमा आयोजक व्यक्ति, परिवारका संस्थाले अतिथिहरूलाई बोलाउन उपयोग गरिने औपचारिक/अनौपचारिक तरिकाबारे प्रश्नोत्तर/छलफल गर्ने,
- विभिन्न खाले निमन्त्रणापत्रहरूका नमुना प्रदर्शन गर्ने,
- कार्यक्रमको अवस्थाअनुसार निमन्त्रणापत्रका नमुनाका विविधता हुने कुराको ज्ञान गराउने,
- सोहीअनुसार निमन्त्रणापत्र लेख्ने अभ्यास गराउने,
- शिक्षकले आवश्यकताअनुसार सहजकर्ताको भूमिका निर्वाह गर्ने ।

निमन्त्रणापत्र विवाद, व्रतबन्ध, वार्षिकोत्सव, विभिन्न सभासमारोह आदिमा उपस्थितिका लागि अनुरोध गरी निम्तो लेखिने पत्र नै निमन्त्रणा पत्र हो । विद्यार्थीहरूलाई लिखित भाषाको अभिव्यक्तिमा स्तरीयता ल्याई सचेत गराउन लेखाइ शिक्षणको आवश्यकता पर्दछ । यसले कुनै पनि विषयमा सभ्य, स्पष्ट र सम्मानजनक भाषाको प्रयोग गरी लेखाइमा शुद्धता, स्पष्टता र गहनता ल्याइने कार्यमा सहयोग पुऱ्याउँदछ । निमन्त्रणा लेखनले विद्यार्थीहरूको विषयवस्तुको संगठन मिलाई लेखन क्षमताको विकास गर्न मद्दत पुऱ्याउँदछ । त्यसका साथसाथै अभिव्यक्तिमा स्पष्टता ल्याउन, व्याकरणिक र वर्णविन्यासगत त्रुटिहरू निराकरण गर्नमा निमन्त्रणापत्र लेखनको महत्त्वपूर्ण स्थान रहेको हुन्छ ।

# अध्याय तीन

# अध्ययन विधि र प्रक्रिया

## ३.१ अध्ययन विधि

अनुसन्धान औपचारिक र व्यवस्थित खोजी कार्य भएकाले यसमा सोही अनुसन्धेय विषयसँग खास विधिहरूको उपयोग गरिन्छ । यस अध्ययनका लागि देहायबमोजिमका विधि प्रक्रिया अवलम्बन गरिएको छन् :

### ३.१.१ जनसङ्ख्या र अध्ययन क्षेत्र

प्रस्तुत शोधकार्यको अध्ययनका लागि कञ्चनपुर जिल्लाका २०७५ सालमा कक्षा एघारमा अध्ययनरत विद्यार्थीहरूलाई सम्पूर्ण जनसङ्ख्याका रूपमा लिइएको छ ।

### ३.१.२ प्रतिनिधि नमुना

नमुना छनोटका लागि कञ्चनपुर जिल्लाका सम्पूर्ण जनसङ्ख्यालाई लिएर सम्भव नहुने भएकाले कञ्चनपुर जिल्लाका भिमदत्त नगरपालिकाअन्तर्गतका ५ ओटा सरकारी र ५ ओटा निजी विद्यालयलाई छनोट गरिएको छ । उक्त विद्यालयमा अध्ययनरत विद्यार्थीहरूमध्येबाट लैङ्गिकता, विद्यालयको प्रकृति र भाषिक पृष्ठभूमिका आधारमा प्रत्येक विद्यालयबाट १०/१० जनाका दरले जम्मा १०० जना विद्यार्थीहरू नमुनाका रूपमा छनोट गरिएको छ । जसअन्तर्गत ५० जना छात्र र ५० जना छात्रा लिइएको छ भने सरकारी विद्यालयबाट ५० जना र निजी विद्यालयबाट ५० जना विद्यार्थीहरू नमुनाका रूपमा लिइएको छ । सामग्री सङ्कलन गरिएका विद्यालय र विद्यार्थीहरू परिशिष्ट (ख) मा उल्लेख गरिएको छ ।

### ३.१.३ तथ्याङ्क सङ्कलनका साधनहरू

प्रस्तुत शोधकार्य पूरा गर्नका लागि प्राथमिक र द्वितीयक सामग्री उपयोग गरिएको छ ।

(क) प्राथमिक स्रोत सामग्रीहरू

प्रस्तुत अध्ययनमा आवश्यक तथ्याङ्क सङ्कलन गर्नका लागि क्षेत्रीय अध्ययन विधिमा आधारित भएर अनुसन्धानसँग सम्बन्धित क्षेत्रमा गई त्यहाँको वस्तुस्थितिको बारेमा

अध्ययन गरिएको छ । प्रस्तुत शोधकार्य कञ्चनपुर जिल्लाका कक्षा एघारमा अध्ययनरत विद्यार्थीहरूमा रहेको हुँदा कञ्चनपुर जिल्लाकै सम्बन्धित विद्यालयमा गएर विद्यार्थीको निमन्त्रणापत्र लेखन क्षमताको 'विद्यालयको वार्षिकोत्सवको अवसरमा एउटा निमन्त्रणा तयार पार्नुहोस्' र 'छोराको बिहेको कार्यक्रममा उपस्थित हुनका लागि आफ्ना आफन्तजनहरूलाई एउटा निमन्त्रणा तयार पार्नुहोस् ।' प्रश्नावलीका आधारमा अध्ययन गरिएको छ ।

(ख) **द्वितीयक स्रोत**

द्वितीयक स्रोत सामग्री सङ्कलनका लागि पाठ्यसामग्री, पत्रपत्रिका, शोधपत्रहरू, सन्दर्भपुस्तक खोजी गरेर अध्ययन गरिएको छ । नमुना छनोटमा परेका विद्यार्थीहरूको नतिजामा सहजता ल्याउनका लागि शोधनिर्देशक, विषय शिक्षक र अन्य साथीहरूको सहयोग लिइएको छ ।

### ३.१.४ सामग्रीको पूर्वपरीक्षण

प्रस्तुत शोधकार्यको सामग्रीको पूर्वपरीक्षण मिति २०७५/०९/०७ गते कञ्चनपुर जिल्लाको भिमदत्त नगरपालिकामा अवस्थित पूर्णा मा.वि. ऐरीका कक्षा एघारमा अध्ययनरत विद्यार्थीहरूमा गरिएको छ । पूर्वपरीक्षणका लागि शोधनिर्देशकको सल्लाह र सुझावअनुसार प्रश्नपत्र निर्माण गरिसकेपछि भिमदत्त नगरपालिकाको पूर्णा मा.वि.का १० जना विद्यार्थीहरूलाई पूर्व परीक्षणका लागि नमुनाका रूपमा लिइएको छ । विद्यार्थीहरूलाई केटाको विवाहका लागि निमन्त्रणापत्र लेख्नुहोस्, विद्यालयको वार्षिक उत्सवको निमन्त्रणापत्र र भानुजयन्तीको अवसरमा मनाइने साहित्यिक कार्यक्रमको लागि निमन्त्रणाापत्र लेख्न लगाइएको छ ।

### ३.१.५ मूल्याङ्कन प्रक्रिया

निमन्त्रणापत्र लेखनपछि उत्तरपुस्तिका जाँचमा ३ वटै प्रश्नका लागि निम्न आधारहरू तयार गरिएको छन् :

सम्बोधन - ४ अङ्क

विषयवस्तु र भाषाशैली - १० अङ्क

वर्णविन्यास - ३ अङ्क

स्थान निर्धारण र मिति - ४ अङ्क

समय र प्रार्थी - ४

यी विभिन्न पक्षमा केन्द्रित रहेर उत्तरपुस्तिका परीक्षण गरिसकेपछि प्रश्नपत्रलाई अन्तिम रूप दिई परीक्षणका लागि विद्यार्थीहरूको प्राप्ताङ्कलाई प्रतिशतमा रूपान्तरण गरी मध्यमान निकालियो जसमा मध्यमान ७.२ आयो । ६०-७४ को वर्गान्तरमा पर्ने भएकाले छोराको विवाहमा लेखिने निमन्त्रणापत्र र आफ्नो विद्यालयमा मनाइने वार्षिकोत्सवको नमुना निमन्त्रणापत्र प्रश्न उत्तम किसिमको देखियो ।

### ३.१.६ तथ्याङ्क सङ्कलन

प्रस्तुत शोधकार्यको सामग्री सङ्कलनका लागि शोधनिर्देशकको सल्लाहबमोजिम प्रश्नावली निर्माण गरेर पूर्वपरीक्षणको लागि सम्बन्धित विद्यालयमा मिति २०७५/०९/१३ देखि २०७५/०९/२० सम्म गएर प्रधानाध्यापकलाई भेटी आफ्नो विषयवस्तुसँग सम्बन्धित पत्र प्रधानाध्यापकसामु पेस गरी सम्बन्धित कक्षाकोठामा प्रवेश गरी विद्यार्थीहरूलाई निमन्त्रणापत्रसम्बन्धी उचित निर्देशन प्रदान गरी दुईवटा प्रश्नावली 'विद्यालयका वार्षिक उत्सव' र 'छोराको विवाह' को निमन्त्रणापत्र शीर्षक दिएर २ घण्टाको समय दिई निमन्त्रणापत्र लेखन गर्न लगाइयो । प्रस्तुत अध्ययनका लागि सम्पन्न गरिएको परीक्षापछि विद्यार्थीले दिएका उत्तरपुस्तिकाबाट निकालिएको प्राप्ताङ्क नै शोधको तथ्याङ्क रहेको छ ।

### ३.१.७ तथ्याङ्कको व्याख्या र विश्लेषण

प्रस्तुत अध्ययन कञ्चनपुर जिल्लाका कक्षा एघारमा अध्ययनरत विद्यार्थीहरूको निमन्त्रणा लेखन क्षमताको स्थिति केकस्तो छ भन्ने कुराको वर्णनात्मक तरिकाले अध्ययन गरिएको छ । यसमा साङ्ख्यिकीय सूत्रहरू प्रयोग गरी उक्त तथ्यहरू विश्लेषणका लागि विद्यार्थीले प्राप्त गरेको प्राप्ताङ्कका आधारमा मध्यमान निकालिएको छ । उक्त अङ्कलाई स्थानीय भाषिक पृष्ठभूमि, लैङ्गिकता, विद्यालय प्रकृति आदिका आधारमा विद्यार्थीको प्राप्ताङ्कमा केकस्तो भिन्नता रहेको छ भनेर जान्नका लागि मानक विचलनका आधारमा पनि व्याख्या गरिएको छ । व्याख्या विश्लेषण गरिएका तालिकाहरु अध्याय चारमा ४.१ र ४.२, अध्याय पाँचमा ५.१, ५.२, ५.३, ५.४, ५.५ र अध्याय छमा ६.१, ६.२, ६.३, ६.४, ६.५, ६.६, ६.७, ६.८, ६.९, ६.१० मा उल्लेख गरिएको छ ।

मध्यमान र मानक विचलन निकाल्ने सूत्रहरू निम्नानुसार प्रस्तुत गरिएको छ :

(क) **प्रतिशत**

$$P = \frac{R}{T} \times 100$$

P = प्रतिशत

R = तोकिएको श्रेणीमा प्राप्ताङ्क ल्याउन सफल विद्यार्थी

T = जम्मा विद्यार्थी

(ख) **मध्यमान**

$$\overline{X} = \frac{\Sigma X}{N}$$

$\overline{X}$ = मध्यमाान

X = प्राप्ताङ्क

N = जम्मा सङ्ख्या

(ग) **मानक विचलन**

$$\sigma = \sqrt{\frac{\Sigma x^2}{N}}$$

σ = मानक विचलन

$\Sigma X^2$ = प्राप्ताङ्कको कुल योगको वर्ग

N = जम्मा सङ्ख्या

# अध्याय चार

# समग्र विद्यार्थीहरूको निमन्त्रणापत्र लेखन क्षमताको अध्ययन

## ४.१ समग्र विद्यार्थीहरूको निमन्त्रणापत्र लेखन क्षमताको स्थिति

यस अध्ययनमा कञ्चनपुर जिल्लाका भिमदत्त नगरपालिका भित्रका कक्षा एघारमा अध्ययनरत विद्यार्थीहरूको निमन्त्रणापत्र लेखन क्षमता पत्ता लगाउनु उद्देश्य राखिएको छ । कञ्चनपुर जिल्लाका भिमदत्त नगरपालिका ५ ओटा निजी विद्यालयका ५० जना विद्यार्थी र ५ ओटा सरकारी विद्यार्थीका ५० जना विद्यार्थी गरी जम्मा १०० जना विद्यार्थीहरूमा यो अध्ययन केन्द्रित रहेको छ । यस अध्ययनमा १०० जना विद्यार्थीहरूबाट प्राप्त तथ्याङ्कलाई सामग्रीका रूपमा सङ्कलन गरिएको छ । समग्रमा कञ्चनपुर जिल्लाका कक्षा एघारमा अध्ययनरत विद्यार्थीहरूको निमन्त्रणापत्र लेखन क्षमता निम्नानुसार रहेको छ :

तालिका ४.१

समग्र विद्यार्थीहरूको निमन्त्रणापत्र लेखन क्षमताको स्थिति

| जम्मा विद्यार्थी सङ्ख्या | ०-३९ प्रतिशत अङ्क ल्याउने | | ४०-५९ प्रतिशत अङ्क ल्याउने | | ६०-७४ प्रतिशत अङ्क ल्याउने | | ७५ प्रतिशतभन्दा माथि अङ्क ल्याउने | |
|---|---|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| १०० | १३ | १३ | ४४ | ४४ | २६ | २६ | १७ | १७ |


माथि उल्लिखित तालिकाअनुसार अध्ययनको नमुना छनोटमा परेका १० ओटा विद्यालयका १०० जना विद्यार्थीहरू रहेका छन् । यस तथ्याङ्कलाई हेर्दा १०० जना विद्यार्थीहरूले प्राप्त गरेको प्राप्ताङ्कलाई प्रतिशतका आधारमा चार श्रेणीमा (अति उत्तम, उत्तम, मध्यम र निम्न) गरी विभाजन गरिएको छ । जसअनुसार अति उत्तम (७५ प्रतिशतभन्दा माथि) श्रेणीमा अङ्क ल्याउने १७ जना वा १७ प्रतिशत विद्यार्थी परेका छन् भने उत्तम (६०-७४ प्रतिशत) श्रेणीमा २६ जना विद्यार्थी वा २६ प्रतिशत विद्यार्थी परेका छन्, त्यस्तै मध्यम (४०-५९ प्रतिशत) श्रेणीमा ४४ जना वा ४४ प्रतिशत विद्यार्थी रहेका छन् ।

त्यसैगरी निम्न (०-३९ प्रतिशत) श्रेणीमा १३ जना विद्यार्थी वा १३ प्रतिशत विद्यार्थी परेका छन् ।

यसरी माथिको तालिकाअनुसार ३९ प्रतिशतसम्म अङ्क ल्याउने विद्यार्थी सङ्ख्या १३ जना रहेको पाइन्छ । मध्यम वा ४०-५९ प्रतिशत अङ्क ल्याउने विद्यार्थीको सङ्ख्या सबैभन्दा धेरै ४४ जना रहेका छन् भने उत्तम वा ६०-७४ प्रतिशतसम्म अङ्क ल्याउने विद्यार्थी सङ्ख्या २६ जना विद्यार्थी रहेका छन् र अति उत्तम वा ७५ प्रतिशतभन्दा माथि अङ्क ल्याउने विद्यार्थी सङ्ख्या १७ रहेको छ । यस तथ्याङ्कलाई हेर्दा मध्यम र उत्तम अङ्क ल्याउने विद्यार्थीको सङ्ख्या सबैभन्दा बढी रहेको छ । यस तथ्याङ्कलाई समग्रमा हेर्दा कञ्चनपुर जिल्लाका कक्षा एघारमा अध्ययनरत विद्यार्थीहरूको निमन्त्रणापत्र लेखन क्षमताको स्थिति मध्यम रहेको पाइयो ।

**स्तम्भचित्र ४.१**


**समग्र विद्यार्थीहरूको निमन्त्रणापत्र लेखन क्षमताको स्थिति**




माथिको स्तम्भचित्रलाई वृत्तचित्रमा देखाउँदा

वृत्तचित्र ४.१

समग्र विद्यार्थीहरूको निमन्त्रणापत्र लेखन क्षमताको स्थिति




माथिको वृत्तचित्रअनुसार कञ्चनपुर जिल्लाका कक्षा एघारमा अध्ययनरत विद्यार्थीहरूको प्राप्त प्राप्ताङ्कलाई डिग्रीमा लैजादा ०-३९ प्रतिशत अङ्क ल्याउने सङ्ख्या वा प्रतिशत १३ रहेको छ, जसलाई डिग्रीमा निकाल्दा ४६.८ डिग्री रहेको छ भने ४०-५९ प्रतिशत ल्याउने विद्यार्थी सङ्ख्या ४४ जना रहेका छन्, जसलाई डिग्रीमा लैजादा १५८.४ डिग्री रहेको छ । ६०-७४ प्रतिशत अङ्क ल्याउने विद्यार्थी संख्या २६ जना रहेका छन्, जसलाई डिग्रीमा परिणत गर्दा ९३.६ डिग्री रहेको छ । त्यसैगरी ७५ प्रतिशतभन्दा माथि अङ्क ल्याउने विद्यार्थी संख्या १७ रहेको छ, जसलाई डिग्रीमा रूपान्तरण गर्दा ६१.२ डिग्री रहेको छ । यसरी हेर्दा सबैभन्दा कम अङ्क ल्याउने विद्यार्थीहरूले ३९ प्रतिशत १३ जनाले ल्याएका छन् भने सबैभन्दा धेरै अङ्क ७५ प्रतिशतभन्दा माथि अङ्क ल्याउने विद्यार्थीहरू १७ जना रहेका छन् । सबैभन्दा धेरै विद्यार्थीहरू ४०-५९ प्रतिशत अङ्क ल्याउने ४४ जना रहेका छन् । त्यसकारण नतिजा मध्यम रहेको मान्न सकिन्छ ।

### ४.१.१ मध्यमान र मानक विचलनका आधारमा समग्र विद्यार्थीहरूको निमन्त्रणापत्र लेखन क्षमताको स्थिति

कञ्चनपुर जिल्लाका भिमदत्त नगरपालिकाअन्तर्गतका १० ओटा विद्यालयका १०० जना विद्यार्थीहरूलाई कञ्चनपुर जिल्लाका विद्यार्थीहरूको जनसंख्या प्रतिनिधि नमुनाका रूपमा छनोट गरिएको छ । यी विद्यार्थीहरूको निमन्त्रणापत्र लेखन क्षमताको अध्ययन मध्यमान र मानक विचलनका आधारमा निम्नानुसार गरिएको छ :

तालिका ४.२

| कुल विद्यार्थी संख्या | मध्यमान | मानक विचलन | मध्यमानभन्दा माथि | | मध्यमानभन्दा तल | |
|---|---|---|---|---|---|---|
| | | | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| १०० | २७.९ | ३.६ | ५३ | ५३ | ४७ | ४७ |

माथिको तालिकाअनुसार नमुना छनोटमा परेका १०० जना विद्यार्थीहरूको मध्यमान २७.९ र समग्र मानक विचलन ३.६ रहेको छ । मध्यानलाई आधार मानेर हेर्दा मध्यानभन्दा माथि निमन्त्रणापत्र लेखन क्षमता भएका विद्यार्थीहरूको संख्या ४७ जना अथवा ४७ प्रतिशत रहेको पाइन्छ । त्यस्तै मध्यमानभन्दा तल ५३ जना अर्थात् ५३ प्रतिशत रहेकाले समग्रमा मध्यमान भन्दा माथि अङ्क ल्याउने विद्यार्थी संख्या बढी रहेको देखिन्छ । त्यसकारण समग्रमा निमन्त्रणापत्र लेखन क्षमता मध्यम रहेको पाइन्छ ।

# अध्याय पाँच

# लैङ्गिकताका आधारमा निमन्त्रणापत्र लेखन क्षमताको स्थिति

प्रस्तुत अध्ययन कञ्चनपुर जिल्लाका कक्षा एघारमा अध्ययनरत विद्यार्थीहरूको निमन्त्रणापत्र लेखन क्षमताको अध्ययनमा केन्द्रित रहेको छ । यस अध्ययनका विभिन्न आधारहरू रहेका छन् । जसमा लैङ्गिकताको आधार पनि एक प्रमुख आधारका रूपमा रहेको छ । लैङ्गिकताको आधारअन्तर्गत ५ ओटा सरकारी र ५ ओटा निजी विद्यालयबाट प्रत्येक विद्यालयका ५ जना छात्र र ५ जना छात्रा गरी जम्मा १०० जना विद्यार्थीहरूमध्ये ५० जना छात्र र ५० जना छात्रा विद्यार्थीहरू रहेक छन् । यी छात्र र छात्राहरूको निमन्त्रणापत्र लेखन क्षमताको व्याख्या विश्लेषण तल तालिकामा छुट्टाछुट्टै रूपमा गरिएको छ ।

## ५.१ छात्रा विद्यार्थीहरूको निमन्त्रणापत्र लेखन क्षताको अध्ययन

### ५.१.१ प्रतिशतका आधारमा छात्रा विद्यार्थीहरूको निमन्त्रणापत्र लेखन क्षमताको अध्ययन

यस अध्ययनमा कञ्चनपुर जिल्ला भिमदत्त नगरपालिकाअन्तर्गतका ५ ओटा सरकारी र ५ ओटा निजी विद्यालयहरूलाई छनोट गरिएको छ । प्रत्येक विद्यालयबाट ५/५ जना छात्राहरू प्रतिनिधि जनसंख्या छनोटका रूपमा लिई निमन्त्रणापत्र लेखन क्षमताको अध्ययन गरिएको छ । जसलाई कक्षा एघारमा अध्ययनरत विद्यार्थीहरूको निमन्त्रणापत्र लेखन क्षमता निम्नानुसार रहेको छ ।


तालिका ५.१

| जम्मा विद्यार्थी सङ्ख्या | ०-३९ प्रतिशत अङ्क ल्याउने | | ४०-५९ प्रतिशत अङ्क ल्याउने | | ६०-७४ प्रतिशत अङ्क ल्याउने | | ७५ प्रतिशतभन्दा माथि अङ्क ल्याउने | |
|---|---|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ५० | ९ | १८ | १७ | ३४ | १४ | २८ | १० | २० |

माथिको तालिकाअनुसार कञ्चनपुर जिल्लाका ५० जना छात्रा विद्यार्थीहरूको निमन्त्रणापत्र लेखन क्षमतालाई चारवटा श्रेणीमा विभाजन गरिएको छ । जसअनुसार निम्न

श्रेणीमा ०-३९ प्रतिशत अङ्क ल्याउने विद्यार्थीहरू रहेका छन् । ०-३९ प्रतिशतसम्म अङ्क ल्याउने विद्यार्थी संख्या ९ र प्रतिशत १८ रहेको छ । मध्यम श्रेणीअन्तर्गत ४०-५९ प्रतिशत अङ्क ल्याउने विद्यार्थी रहेका छन् । ४०-५९ प्रतिशत ल्याउने विद्यार्थी सबैभन्दा बढी (संख्या १७ वा प्रतिशत ३४ रहेको छ, त्यसैगरी ६०-७४ प्रतिशत अङ्क ल्याउने विद्यार्थी संख्या १४ अर्थात् २८ प्रतिशत रहेको छ । अति उत्तम श्रेणीा ७५ प्रतिशतभन्दा माथि ल्याउने विद्यार्थी संख्या १० र प्रतिशत २० रहेको छ । यसरी माथिको तथ्याङ्कलाई विश्लेषण गर्दा कञ्चनपुर जिल्लाका कक्षा एघारमा अध्ययनरत विद्यार्थीहरूको निमन्त्रणापत्र लेखन क्षमता मध्यम रहेको मान्न सकिन्छ । उक्त तथ्याङ्कलाई वृत्तचित्रमा निम्नानुसार देखाउन सकिन्छ :


**स्तम्भचित्र ५.१**




माथिको स्तम्भलाई वृत्तचित्रमा देखाउँदा

## वृत्तचित्र ५.१

### वृत्तका आधारमा छात्रा विद्यार्थीहरूको निमन्त्रणापत्र लेखन क्षमता




माथिको वृत्तचित्र अनुसार कञ्चनपुर जिल्लाका कक्षा एघारमा अध्ययनरत विद्यार्थीहरूको निमन्त्रणापत्र लेखन क्षमताको अध्ययन निम्न, मध्यम, उत्तम र अति उत्तम गरी चार श्रेणीमा विभाजन गरिएको छ । निम्न श्रेणी ०-३९ प्रतिशत अङ्क प्राप्त गर्ने विद्यार्थी संख्या १८ प्रतिशतलाई डिग्रीमा रूपान्तरण गर्दा ६४.६८ डिग्री रहेको छ भने मध्यम श्रेणीअन्तर्गत ४०-५९ प्रतिशत अङ्क प्राप्त गर्ने विद्यार्थी संख्या ३४ प्रतिशतलाई डिग्रीमा लैजादा १२२.४ डिग्री रहेको छ । त्यस्तै उत्तम श्रेणीअन्तर्गत ६०-७४ प्रतिशत अङ्क प्राप्त गर्ने विद्यार्थी संख्या २८ प्रतिशत रहेको छ । यसलाई डिग्रीमा रूपान्तरण गर्दा १००.८ डिग्रीव हुन आउँछ । उत्तम श्रेणी ७५ प्रतिशतभन्दा माथि अङ्क ल्याउने विद्यार्थी संख्या २० प्रतिशत रहेको छ । जसलाई डिग्रीमा लैजादा ७२ डिग्री हुन आउँछ । यसरी समग्रमा मध्यम श्रेणीमा विद्यार्थी संख्या वा प्रतिशत बढी रहेकाले छात्रा विद्यार्थीको नतिजा मध्यम रहेको छ भन्न सकिन्छ ।

### ५.१.२ मध्यमान र मानक विचलनका आधारमा छात्रा विद्यार्थीहरूको निमन्त्रणापत्र लेखन क्षमताको स्थिति

कञ्चनपुर जिल्लाका भिमदत्त नगरपालिका ५ ओटा सरकारी र ५ ओटा निजी विद्यालयहरूबाट ५० जना छात्राहरूलाई प्रतिनिधि जनसंख्या छनोटका रूपमा लिइएको छ । यी छात्राहरूको निमन्त्रणापत्र लेखनलाई आधार मानेर मध्यमान र मानक विचलनका आधारमा नतिजाको विश्लेषण गरिएको छ :

तालिका ५.२

| कुल विद्यार्थी संख्या | मध्यमान | मानक विचलन | मध्यमानभन्दा तल | | मध्यमानभन्दा माथि | |
|---|---|---|---|---|---|---|
| | | | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| ५० | २८.३ | ७.२३ | २३ | ४६ | २७ | ५४ |

माथिको तालिकामा कुल छात्रा विद्यार्थी संख्या ५० जना रहेको छ भने मध्यमान २८.३ र मानक विचलन ७.२३ रहेको छ । उक्त तालिकाको मध्यमानलाई आधार मानेर हेर्दा मध्यमानभन्दा माथि अङ्क प्राप्त गर्ने विद्यार्थी संख्या २३ वा ४६ प्रतिशत रहेको छ । त्यसैगरी मध्यमान भन्दा कम अङ्क प्राप्त गर्ने विद्यार्थी संख्या २७ वा ५४ प्रतिशत रहेको छ । त्यसकारण मध्यमानभन्दा कम अङ्क प्राप्त गर्ने विद्यार्थी संख्या बढी भएकाले समग्रमा कञ्चनपुर जिल्लाका कक्षा एघारमा अध्ययनरत छात्रा विद्यार्थीहरूको निमन्त्रणापत्र लेखन क्षमता मध्यम रहेको मान्न सकिन्छ । यसरी मध्यमानभन्दा तल माथि अङ्क प्राप्त गर्ने विद्यार्थी सङ्ख्या ७.२३ रहेको पाइयो । त्यसकारण विद्यार्थीहरूको निमन्त्रणापत्र लेखन क्षमतामा विविधता रहेको मान्न सकिन्छ ।

## ५.२ छात्र विद्यार्थीहरूको निमन्त्रणापत्र लेखन क्षमताको अध्ययन

### ५.२.१ प्रतिशतका आधारमा छात्र विद्यार्थीहरूको निमन्त्रणापत्र लेखन क्षमता

यस अध्ययनमा कञ्चनपुर जिल्लाका सरकारी र निजी क्रमशः ५/५ ओटा विद्यालय छनोट गरिएको छ । प्रत्येक विद्यालयबाट ५/५ जना छात्र विद्यार्थीहरू नमुनाका प्रतिनिधि जनसंख्याका रूपमा छनोट गरी निमन्त्रणापत्र लेखन क्षमताको अध्ययन गरिएको छ :


तालिका ५.३

| जम्मा विद्यार्थी सङ्ख्या | ०-३९ प्रतिशत अङ्क ल्याउने | | ४०-५९ प्रतिशत अङ्क ल्याउने | | ६०-७४ प्रतिशत अङ्क ल्याउने | | ७५ प्रतिशतभन्दा माथि अङ्क ल्याउने | |
|---|---|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ५० | ४ | ८ | २६ | ५२ | १३ | २६ | ७ | २४ |

माथिको तालिकाअनुसार विद्यार्थीहरूको निमन्त्रणापत्र लेखन क्षमता चार श्रेणीमा विभाजन गरिएको छ। निम्न श्रेणीमा ०-३९ प्रतिशतसम्म अङ्क ल्याउने विद्यार्थी संख्या ४ र प्रतिशत ८ रहेको छ। मध्यम श्रेणीमा ४०-५९ पतिशतसम्म अङ्क ल्याउने विद्यार्थी संख्या २६ र प्रतिशत ५२ रहेको छ। उत्तम श्रेणीमा ६०-७४ प्रतिशत प्राप्ताङ्क ल्याउने विद्यार्थी संख्या १३ र प्रतिशत २६ रहेको छ भने अति उत्तम श्रेणीमा ७५ प्रतिशतभन्दा माथि अङ्क ल्याउने विद्यार्थी संख्या ७ र प्रतिशत १४ रहेको छ। यसरी समग्रमा हेर्दा निम्न र अति उत्तम भन्दा मध्यम र उत्तम अङ्क प्राप्त गर्ने विद्यार्थी संख्या र प्रतिशत मध्यममा २६ जना प्रतिशत ५२ र उत्तममा १३ जना प्रतिशत २६ रहेकाले कक्षा एघारमा अध्ययनरत विद्यार्थीहरूको क्षमता राम्रो रहेको पाइन्छ।

**स्तम्भचित्र ५.३**


**छात्र विद्यार्थीहरूको निमन्त्रणापत्र लेखन क्षमता**




माथिको स्तम्भचित्रलाई वृत्तमा देखाउँदा

**वृत्त चित्र ५.२**

**वृत्तका आधारमा छात्र विद्यार्थीहरूको निमन्त्रणापत्र लेखन क्षमता**



प्रस्तुत वृत्त चित्रअनुसार ३९ प्रतिशत अङ्क ल्याउने विद्यार्थी संख्या ४ प्रतिशत ८ लाई डिग्रीमा रूपान्तरण गर्दा २८.८ डिग्री रहेको छ। त्यसैगरी ४०-५९ प्रतिशतमा विद्यार्थी संख्या २६ प्रतिशत ५२ लाई डिग्रीमा परिणत गर्दा १८७.२ डिग्री रहेको छ भने ६०-७४ प्रतिशत अङ्क प्राप्त गर्ने विद्यार्थी संख्या १३ प्रतिशत २६ रहेको छ । जसलाई डिग्रीमा लैजादा ९३.६ डिग्री रहेको पाइन्छ भने ७५ प्रतिशतभन्दा माथि अङ्क प्राप्त गर्ने विद्यार्थी संख्या ७ प्रतिशत १४ र ५०.४ डिग्री रहेको छ । यसरी समग्रमा मध्यम र उत्तम अङ्क ल्याउने विद्यार्थी संख्या अधिक रहेका हुनाले कञ्चनपुर जिल्लाका छात्रहरूको निमन्त्रणापत्र लेखन क्षमता राम्रो रहेको मान्न सकिन्छ ।

### ५.२.२ मध्यमान र मानक विचलनका आधारमा छात्रहरूको निमन्त्रणापत्र लेखन क्षमता

तालिका ५.४

मध्यमान र मानक विचलनका आधारमा छात्रहरूको निमन्त्रणापत्र लेखन क्षमता

| कुल विद्यार्थी संख्या | मध्यमान | मानक विचलन | मध्यमानभन्दा तल | | मध्यमानभन्दा माथि | |
|---|---|---|---|---|---|---|
| | | | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| ५० | २८.२४ | ६.३७ | २८ | ५६ | २२ | ४४ |

माथिको तालिकाअनुसार विद्यार्थीको कुल प्राप्ताङ्क १४१२  रहेको छ भने मध्यमान २८.२४ रहेको छ । यसको मानक विचलन ७.३७ रहेको छ । यसरी मध्यमानभन्दा माथि अङ्क प्राप्त गर्ने विद्यार्थी संख्या २८ प्रतिशत ५७ र मध्यमानभन्दा तल प्राप्ताङ्क ल्याउने विद्यार्थी संख्या २२ र प्रतिशत ४४ रहेकाले छात्र विद्यार्थीको निमन्त्रणापत्र लेखन क्षमता राम्रो रहेको पाइन्छ ।

## ५.३ छात्र र छात्राहरूको निमन्त्रणापत्र लेखन क्षमताको तुलनात्मक स्थिति

प्रस्तुत अध्ययन कञ्चनपुर जिल्लाका कक्षा एघारमा अध्ययनरत विद्यार्थीहरूको निमन्त्रणापत्र लेखन क्षमताको अध्ययनमा केन्द्रित रहेको छ। उक्त अध्ययनमा ५० जना छात्र र ५० जना छात्रा गरी १०० जना विद्यार्थीलाई प्रतिनिधि नमुनाका रूपमा छनोट गरिएको

छ । छात्र र छात्राहरूले लेखेका निमन्त्रणापत्रलाई आधार मानेर लैङ्गिक आधारमा छात्र र छात्रा विद्यार्थीको निमन्त्रणापत्र लेखन क्षमताको तुलना गरिएको छ :

**तालिका ५.५**

**छात्र र छात्राहरूको निमन्त्रणापत्र लेखन क्षमताको तुलनात्मक स्थिति**

| लिङ्ग | विद्यार्थी संख्या | मध्यमानभन्दा माथि | | मध्यमानभन्दा तल | |
|---|---|---|---|---|---|
| | | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| छात्र | ५० | २८ | ५६ | २२ | ४४ |
| छात्रा | ५० | २३ | ४६ | २७ | ५४ |

माथिका तालिकाअनुसार छात्र र छात्रा विद्यार्थीको समग्र मध्यमानलाई आधार मानेर विश्लेषण गर्दा छात्र विद्यार्थीहरूको संख्या मध्यमानभन्दा माथि २८ प्रतिशत ५६ रहेको छ भने मध्यमानभन्दा तल २२ जना ४४ प्रतिशत रहेको पाइन्छ । छात्रा विद्यार्थीहरूको संख्या मध्यमानभन्दा माथि २३ र प्रतिशत ४६ रहेको छ भने मध्यमान भन्दा तल अङ्क ल्याउने विद्यार्थी संख्या २७ र प्रतिशत ५४ रहेको छ । यसरी समग्रमा हेर्दा कञ्चनपुर जिल्लाका कक्षा एघारमा अध्ययनरत छात्रा विद्यार्थीहरूको तुलनामा छात्र विद्यार्थीको निमन्त्रणापत्र लेखन क्षमता राम्रो रहेको निष्कर्ष निकाल्न  सकिन्छ ।

# अध्याय छ

# भाषिक पृष्ठभूमि र विद्यालयको प्रकृतिका आधारमा निमन्त्रणापत्र लेखन क्षमताको स्थिति

## ६.१ नेपाली मातृभाषी विद्यार्थीहरूको निमन्त्रणापत्र लेखन क्षमता

कञ्चनपुर जिल्लाका कक्षा एघारमा अध्ययनरत विद्यार्थीहरूको भाषिक पृष्ठभूमिका आधारमा निमन्त्रणापत्र लेखन क्षमताको स्थिति पत्ता लगाउनका लागि प्रतिनिधि जनसंख्या छनोटमा १० ओटा विद्यालयका १०० जना विद्यार्थीहरू रहेका छन् । जसमा नेपाली मातृभाषी विद्यार्थी ५० जना र गैरनेपाली मातृभाषी विद्यार्थीहरू ५० जना रहेका छन् । नेपाली मातृभाषी विद्यार्थी र गैरनेपाली मातृभाषी विद्यार्थी निमन्त्रणापत्र लेखन क्षमताको व्याख्या विश्लेषण प्रतिशत, स्तम्भचित्र, वृत्तचित्र, मध्यमान र मानक विचलनका आधारमा गरिएको छ :

### ६.१.१ प्रतिशतका आधारमा नेपाली मातृभाषी विद्यार्थीहरूको निमन्त्रणापत्र लेखन क्षमता

तालिका ६.१

प्रतिशतका आधारमा नेपाली मातृभाषी विद्यार्थीहरूको निमन्त्रणापत्र लेखन क्षमता


| जम्मा विद्यार्थी सङ्ख्या | ०-३९ प्रतिशत अङ्क ल्याउने | | ४०-५९ प्रतिशत अङ्क ल्याउने | | ६०-७४ प्रतिशत अङ्क ल्याउने | | ७५ प्रतिशतभन्दा माथि अङ्क ल्याउने | |
|---|---|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ५० | ५ | १० | २० | ४० | ११ | २२ | १४ | २८ |

माथिको तालिकाअनुसार कञ्चनपुर जिल्लाका कक्षा एघारमा अध्ययनरत विद्यार्थीहरूको निमन्त्रणापत्र लेखन क्षमता प्रतिशतका आधारमा चार (अति उत्तम, उत्तम, मध्यम र निम्न) श्रेणीमा विभाजन गरिएको छ । निम्न श्रेणीमा ०-३९ प्रतिशत अङ्क ल्याउने विद्यार्थी संख्या ५ प्रतिशत १० रहेको छ । मध्यम श्रेणीमा ४०-५९ प्रतिशत अङ्क ल्याउने मध्यम श्रेणीमा ४०-५९ प्रतिशत अङ्क ल्याउने विद्यार्थी संख्या २० र प्रतिशत ४० रहेको

छ । उत्तम श्रेणी ६०-७४ प्रतिशत अङ्क प्राप्त गर्ने विद्यार्थी संख्या ११ प्रतिशत २२ छ भने उत्तम श्रेणीमा ७५ प्रतिशतभन्दा माथि अङ्क ल्याउने विद्यार्थी संख्या १४ र प्रतिशत २८ रहेको छ । समग्रमा निम्न श्रेणी ०-३९ भन्दा माथिको (मध्यम, उत्तम, अति उत्तम) श्रेणीमा प्राप्ताङ्क ल्याउने विद्यार्थी संख्या बढी भएकाले कक्षा एघारमा अध्ययनरत विद्यार्थीहरूको निमन्त्रणापत्र लेखन क्षमता सन्तोषजनक रहेको मान्न सकिन्छ ।

माथिको प्रतिशतलाई स्तम्भचित्रमा देखाउँदा :


**स्तम्भचित्र ६.१**




माथिको स्तम्भलाई वृत्तचित्रमा देखाउँदा

**वृत्तचित्र ६.१**

**वृत्तका आधारमा नेपाली मातृभाषी विद्यार्थीहरूको निमन्त्रणापत्र लेखन क्षमता**




माथिको वृत्तचित्रअनुसार कञ्चनपुर जिल्लाका कक्षा एघारमा अध्ययनरत विद्यार्थीहरूको नतिजाको विश्लेषण डिग्री अनुसार चार श्रेणीमा विभाजन गरिएको छ । निम्न श्रेणीअन्तर्गत ०-३९ प्रतिशतसम्म अङ्क प्राप्त गर्ने विद्यार्थी संख्या ५८ भने डिग्रीमा लैजाँदा ३६ डिग्री रहेको छ । ४०-५९ प्रतिशत अङ्क प्राप्त गर्ने विद्यार्थी संख्या ४० प्रतिशत रहेको छ । यसलाई डिग्रीमा परिणत गर्दा १४४ डिग्री हुन आउँदछ । त्यस्तै ६०-७४ प्रतिशत अङ्क प्राप्त गर्ने विद्यार्थी संख्या ११, प्रतिशत २२ रहेको छ । जसलाई डिग्रीमा लैजादा ७९.२ डिग्री हुन आउँदछ भने ७५ प्रतिशतभन्दा माथि अङ्क प्राप्त गर्ने विद्यार्थी संख्या १४ प्रतिशत २८ र डिग्री १९९.८ रहेको छ । यसरी उल्लिखित वृत्त चित्रलाई आधरा मानेर हेर्दा कञ्चनपुर जिल्लाका कक्षा एघारमा अध्ययनरत नेपाली मातृभाषी विद्यार्थीहरूको निमन्त्रणापत्र लेखन क्षमता राम्रो रहेको मान्न सकिन्छ ।

### ६.१.२ मध्यमान र मानक विचलनका आधारमा नेपाली मातृभाषी विद्यार्थीहरूको निमन्त्रणापत्र लेखन क्षमताको स्थिति

भाषिक पृष्ठभूमिका आधारमा नेपाली मातृभाषी विद्यार्थीहरूको निमन्त्रणापत्र लेखन क्षमताको स्थिति निम्न तालिकामा प्रस्तुत गरिएको छ :

तालिका ६.२

**मध्यमान र मानक विचलनका आधारमा नेपाली मातृभाषी विद्यार्थीहरूको निमन्त्रणापत्र लेखन क्षमताको स्थिति**

| कुल विद्यार्थी संख्या | मध्यमान | मानक विचलन | मध्यमानभन्दा तल | | मध्यमानभन्दा माथि | |
|---|---|---|---|---|---|---|
| | | | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| ५० | ३०.२८ | १०.६५ | २४ | ४८ | २६ | ५२ |

उल्लिखित तालिकाअनुसार कञ्चनपुर जिल्लाका कक्षा एघारमा अध्ययनरत विद्यार्थीहरूको निमन्त्रणापत्र लेखनअन्तर्गतको कुल प्राप्ताङ्क २५१४ रहेको छ । यसको मध्यमान ३०.२८ रहेको छ भने मानक विचलन १०.६५ रहेको छ । मध्यमानभन्दा माथि अङ्क प्राप्त गर्ने विद्यार्थी संख्या २४ प्रतिशत ४८ रहेको छ भने मध्यमानभन्दा तल अङ्क प्राप्त गर्ने विद्यार्थी संख्या २६ प्रतिशत ५२ रहेको छ । यसरी समग्रमा मध्यमानलाई आधार मानेर हेर्दा मध्यमानभन्दा बढी अङ्क प्राप्त गर्ने विद्यार्थी संख्या मध्यमानभन्दा कम अङ्क प्राप्त गर्ने विद्यार्थी संख्या भन्दा धेरै बढी नभएकाले नेपाली मातृभाषी विद्यार्थीको निमन्त्रणापत्र लेखन क्षमता राम्रो भएको मान्न सकिन्छ । यसरी मध्यमानभन्दा तल माथि अङ्क प्राप्त गर्ने विद्यार्थी सङ्ख्या १०.६५ रहेको पाइयो । त्यसकारण विद्यार्थीहरूको निमन्त्रणापत्र लेखन क्षमतामा धेरै विविधता रहेको मान्न सकिन्छ ।

## ६.२ गैरनेपाली मातृभाषी विद्यार्थीहरूको निमन्त्रणापत्र लेखन क्षमताको अध्ययन

कञ्चनपुर जिल्लाका भिमदत्त नगरपालिकाअन्तर्गतका १० विद्यालयका ५० जना गैरनेपाली मातृभाषी विद्यार्थीहरूलाई नमुनाका रूपमा छनोट गरी उनीहरूले लेखेको निमन्त्रणापत्रलाई आधार बनाएर गैरनेपाली मातृभाषी विद्यार्थीहरूको निमन्त्रणापत्र लेखन

क्षमताको अध्ययन गरिएको छ । गैरनेपाली मातृभाषी विद्यार्थीहरको निमन्त्रणापत्र लेखन क्षमताको स्थितिलाई प्रतिशतका आधरामा तलको तालिकामा प्रस्तुत गरिएको छ ।

### ६.२.१ प्रतिशतका आधारमा गैरनेपाली मातृभाषी विद्यार्थीहरूको निमन्त्रणापत्र लेखन क्षमता


तालिका ६.३

| जम्मा विद्यार्थी सङ्ख्या | ०-३९ प्रतिशत अङ्क ल्याउने | | ४०-५९ प्रतिशत अङ्क ल्याउने | | ६०-७४ प्रतिशत अङ्क ल्याउने | | ७५ प्रतिशतभन्दा माथि अङ्क ल्याउने | |
|---|---|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ५० | ८ | १६ | २५ | ५० | १३ | २६ | ४ | ८ |

माथिको तालिकामा गैरनेपाली मातृभाषी विद्यार्थीहरूको संख्या ५० रहेको छ । जसमा ०-३९ प्रतिशतसम्म अङ्क ल्याउने विद्यार्थ संख्या ८ प्रतिशत १६ रहेको छ । ४०-५९ प्रतिशतसम्म अङ्क ल्याउने विद्यार्थी संख्या २५ प्रतिशत ५० रहेको छ । त्यस्तै ६०-७४ प्रतिशतसम्म अङ्क प्राप्त गर्ने विद्यार्थी संख्या १३ प्रतिशत २६ रहेको छ । ७५ प्रतिशतभन्दा माथि अङ्क ल्याउने विद्यार्थी संख्या ४ प्रतिशत ८ रहेको छ । समग्रमा अति उत्तम श्रेणीअन्तर्गत ७५ प्रतिशतभन्दा माथि अङ्क ल्याउने विद्यार्थी संख्या सबैभन्दा कम र मध्यम श्रेणीअन्तर्गत ४०-५९ प्रतिशत अङ्क ल्याउने विद्यार्थी संख्या २५ प्रतिशत ५० रहेकाले गैरनेपाली मातृभाषी विद्यार्थीहरूको निमन्त्रणापत्र लेखन क्षमता मध्यम रहेको छ । प्रतिशताङ्क तालिकाअनुसार स्तम्भचित्र यसप्रकार रहेको छ ।

स्तम्भचित्र ६.१


गैरनेपाली मातृभाषी विद्यार्थीहरूको निमन्त्रणापत्र लेखन क्षमता




माथिको स्तम्भचित्रलाई वृत्तमा देखाउँदा

वृत्त चित्र ६.२

वृत्तका आधारमा गैरनेपाली मातृभाषी विद्यार्थीहरूको निमन्त्रणापत्र लेखन क्षमता



प्रस्तुत वृत्त चित्रअनुसार कञ्चनपुर जिल्लाका कक्षा एघारमा अध्ययनरत विद्यार्थीहरूको प्राप्ताङ्कलाई विद्यार्थी संख्या प्रतिशतका आधारमा डिग्री निकाली चार भागमा श्रेणी विभाजन गरी अध्ययन गरिएको छ । निम्न श्रेणी ०-३९ प्रतिशतसम्म अङ्क प्राप्त गर्ने विद्यार्थी संख्या ८ प्रतिशत १६ डिग्रीमा रूपान्तरण गर्दा ५७.६ डिग्री मध्यम श्रेणीमा ४०-५९ प्रतिशतसम्म अङ्क प्राप्त गर्ने विद्यार्थी संख्या २५ प्रतिशत ५० र डिग्री १८० रहेको छ । उत्तम श्रेणी ६०-७४ प्रतिशतसम्म अङ्क ल्याउने विद्यार्थी संख्या १३, प्रतिशत २६ जसको डिग्री ९३.६ रहेको छ भने ७५ प्रतिशत भन्दा माथि अङ्क प्राप्त गर्ने विद्यार्थी संख्या ४ जना प्रतिशत ८ र डिग्री २८.८ रहेको छ । यसरी समग्रमा हेर्दा कञ्चनपुर जिल्लाका कक्षा एघारमा अध्ययनरत विद्यार्थीको मध्यम श्रेणीमा (४०-५९) प्रतिशतसम्म अङ्क ल्याउने सबैभन बढी भएकाले गैरनेपाली मातृभाषी विद्यार्थीहरूको निमन्त्रणापत्र लेखन क्षमता मध्यम रहेको मान्न सकिन्छ ।

### ६.२.२ मध्यमान र मानक विचलनका आधारमा गैरनेपाली मातृभाषी विद्यार्थीहरूको निमन्त्रणापत्र लेखन क्षमता

भाषिक आधारमा निमन्त्रणापत्र लेखन क्षमताको अध्ययन गर्नका लागि कञ्चनपुर जिल्लाका कक्षा एघारमा अध्ययनरत क्रमशः ५/५ सरकारी र निजी विद्यालयका २५/२५ जना विद्यार्थी नमुना छनोट गरएको छ । जसलाई मध्यमान र मानक विचलनका आधारमा प्रस्ट पारिएको छ :

तालिका ६.४

**मध्यमान र मानक विचलनका आधारमा गैरनेपाली मातृभाषी विद्यार्थीहरूको निमन्त्रणापत्र लेखन क्षमता**

| कुल विद्यार्थी संख्या | मध्यमान | मानक विचलन | मध्यमानभन्दा तल | | मध्यमानभन्दा माथि | |
|---|---|---|---|---|---|---|
| | | | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| ५० | २७.७ | ४.७ | १९ | ३८ | ३१ | ६२ |

माथि उल्लिखित तालिकामा गैरनेपाली मातृभाषी विद्यार्थीहरूको निन्त्रणापत्र लेखन क्षमताको अध्ययन मध्यमान र मानक विचलनका आधारमा गरिएको छ । जसमा कुल ५० जना विद्यार्थीको जम्मा प्राप्ताङ्क १३८५ रहेको छ । यसमा मध्यमान २७.७ रहेको छ भने मानक विचलन ४.७ रहेको छ । मध्यमानका आधारमा ३८ प्रतिशत विद्यार्थीहरूले मध्यमानभन्दा बढी अङ्क प्राप्त गरेका छन् भने मध्यमानभन्दा कम अङ्क ल्याउने विद्यार्थी ६२ प्रतिशत रहेका छन् । अतः मध्यमानभन्दा बढी अङ्क ल्याउने विद्यार्थीको तुलनामा मध्यमानभन्दा कम अङ्क ल्याउने विद्यार्थी संख्या बढी भएकाले गैरनेपाली मातृभाषी विद्यार्थीको निमन्त्रणापत्र लेखन क्षमता न्यून रहेको छ भन्न सकिन्छ । यसरी मध्यमानभन्दा तल माथि अङ्क प्राप्त गर्ने विद्यार्थी सङ्ख्या ४.७ रहेको पाइयो । त्यसकारण विद्यार्थीहरूको निमन्त्रणापत्र लेखन क्षमतामा धेरै विविधता रहेको पाइँदैन ।

### ६.२.३ नेपाली मातृभाषी र गैरनेपाली मातृभाषी विद्यार्थीहरूको निमन्त्रणापत्र लेखन क्षमताको तुलनात्मक स्थिति

प्रस्तुत अध्ययन कञ्चनपुर जिल्लाका कक्षा एघारमा अध्ययनरत विद्यार्थीहरूको निमन्त्रणापत्र लेखन क्षमताको अध्ययनमा केन्द्रित रहेको छ । उक्त अध्ययनमा १० ओटा विद्यालयका ५० जना नेपाली मातृभाषी र ५० जना गैरनेपाली मातृभाषी विद्यार्थीहरूलाई प्रतिनिधि नमुनाका रूपमा छनोट गरिएको छ । नेपाली मातृभाषी र गैरनेपाली मातृभाषी विद्यार्थीहरूले लेखेको निमन्त्रणापत्रलाई आधार मानेर भाषिक पृष्ठभूमिका आधारमा नेपाली मातृभाषी र गैरनेपाली मातृभाषी विद्यार्थीहरूको निमन्त्रणापत्र लेखन क्षमताको तुलनात्मक मध्यमानका आधारमा गरिएको छ :

**तालिका ६.५**

| भाषिक पृष्ठभूमि | विद्यार्थी संख्या | मध्यमानभन्दा माथि | | मध्यमानभन्दा तल | |
|---|---|---|---|---|---|
| | | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| नेपाली मातृभाषी | ५० | २४ | ४८ | २६ | ५२ |
| गैरनेपाली मातृभाषी | ५० | १९ | ३८ | ३१ | ६२ |

यसरी माथिको तालिकाअनुसार नेपाली मातृभाषी र गैरनेपाली मातृभाषी समग्र मध्यमानलाई आधार मानेर विश्लेषण गर्दा नेपाली मातृभाषी विद्यार्थीहरूको संख्या मध्यमानभन्दा माथि २४ प्रतिशत ४८ रहेको छ। गैरनेपाली मातृभाषी विद्यार्थीहरूको संख्या मध्यमानभन्दा माथि १९ प्रतिशत ३८ रहेको देखिन्छ । त्यसकारण समग्रमा गैरनेपाली मातृभाषी विद्यार्थीभन्दा नेपाली मातृभाषी विद्यार्थीहरूको निमन्त्रणापत्र लेखन क्षमता उच्च रहेको निष्कर्ष निकाल्न सकिन्छ ।

## ६.२ विद्यालय प्रकृतिका आधारमा विद्यार्थीहरूको निमन्त्रणापत्र लेखन क्षमताको अध्ययन

कञ्चनपुर जिल्लाका कक्षा एघारमा अध्ययनरत विद्यार्थीहरूको विद्यालय प्रकृतिका आधारमा निमन्त्रणापत्र लेखन क्षमताको स्थिति पत्ता लगाउनका लागि नमुना छनोटमा परेका १० ओटा विद्यालयका १०० जना विद्यार्थी परेका छन् । जसमा ५ ओटा सरकारी विद्यालयका ५० जना विद्यार्थीहरू रहेका छन् भने ५ ओटा निजी विद्यालयका ५० जना विद्यार्थीहरू रहेका छन् । सरकारी विद्यालय र निजी विद्यालयका विद्यार्थीहरूको अध्ययनको आधारहरू प्रतिशताङ्क, स्तम्भ, वृत्तचित्र, मध्यमान र मानक विचलन रहेका छन् ।

### ६.२.१ सरकारी विद्यालयका विद्यार्थीहरूको निमन्त्रणापत्र लेखन क्षमता

#### ६.२.१.१ प्रतिशतका आधारमा सरकारी विद्यालयका विद्यार्थीहरूको निमन्त्रणापत्र लेखन क्षमता

तालिका ६.६

प्रतिशतका आधारमा सरकारी विद्यालयका विद्यार्थीहरूको निमन्त्रणापत्र लेखन क्षमता


| जम्मा विद्यार्थी सङ्ख्या | ०-३९ प्रतिशत अङ्क ल्याउने | | ४०-५९ प्रतिशत अङ्क ल्याउने | | ६०-७४ प्रतिशत अङ्क ल्याउने | | ७५ प्रतिशतभन्दा माथि अङ्क ल्याउने | |
|---|---|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ५० | ८ | १६ | २४ | ४८ | १२ | २४ | ६ | १२ |

माथिको तालिकाअनुसार कञ्चनपुर जिल्लाका कक्षा एघारमा अध्ययनरत सरकारी विद्यालयका विद्यार्थीहरूको प्रतिशताङ्कलाई चार श्रेणीमा विभाजन गरी प्राप्ताङ्कको

विश्लेषण गरिएको छ । निम्न श्रेणीमा ०-३९ प्रतिशत अङ्क प्राप्त गर्ने विद्यार्थी संख्या ८ प्रतिशत १६ रहेको छ भने मध्यम श्रेणीमा अङ्क प्राप्त गर्ने विद्यार्थी संख्या २४ प्रतिशत ४८ रहेको पाइन्छ । उत्तम श्रेणी ६०-७४ प्रतिशतसम्म अङ्क प्राप्त गर्ने विद्यार्थी संख्या १२ प्रतिशत २४ रहेको छ भने अति उत्तम श्रेणी ७५ प्रतिशतभन्दा माथि अङ्क प्राप्त गर्ने विद्यार्थी संख्या ६ प्रतिशत १२ रहेको पाइन्छ । समग्रमा सबैभन्दा कम निम्न श्रेणीमा ०-३९ प्रतिशतसम्म अङ्क प्राप्त गर्ने विद्यार्थी संख्या १६ प्रतिशत रहेको छ भने सबैभन्दा बढी मध्यम श्रेणीअन्तर्गत ४०-५९ प्रतिशत अङ्क ल्याउने विद्यार्थी संख्या ४८ रहेकाले सरकारी विद्यालयका विद्यार्थीहरको निमन्त्रणापत्र लेखन क्षमता मध्यम रहेको छ भन्न सकिन्छ ।

माथिको प्रतिशतलाई स्तम्भचित्रमा देखाउँदा :


**स्तम्भचित्र ६.२**




माथिको स्तम्भलाई वृत्तचित्रमा देखाउँदा

वृत्तचित्र ६.३

वृत्तका आधारमा नेपाली मातृभाषी विद्यार्थीहरूको निमन्त्रणापत्र लेखन क्षमता




माथिको वृत्तचित्रअनुसार कञ्चनपुर जिल्लाका कक्षा एघारमा अध्ययनरत विद्यार्थीहरूको नतिजाको विश्लेषण डिग्री अनुसार चार श्रेणीमा विभाजन गरिएको छ । निम्न श्रेणीअन्तर्गत ०-३९ प्रतिशतसम्म अङ्क प्राप्त गर्ने विद्यार्थी संख्या ८ छ यसलाई भने डिग्रीमा लैजाँदा ५७.६ डिग्री रहेको छ । ४०-५९ प्रतिशत अङ्क प्राप्त गर्ने विद्यार्थी संख्या ४८ प्रतिशत रहेको छ । यसलाई डिग्रीमा परिणत गर्दा १७२.८ डिग्री हुन आउँदछ । त्यस्तै ६०-७४ प्रतिशत अङ्क प्राप्त गर्ने विद्यार्थी संख्या १२, प्रतिशत २४ रहेको छ । जसलाई डिग्रीमा लैजादा ८६.४ डिग्री हुन आउँदछ भने ७५ प्रतिशतभन्दा माथि अङ्क प्राप्त गर्ने विद्यार्थी संख्या ६ प्रतिशत १२ र डिग्री ४३.२ रहेको छ । यसरी उल्लिखित वृत्त चित्रलाई आधार मानेर हेर्दा कञ्चनपुर जिल्लाका कक्षा एघारमा अध्ययनरत नेपाली मातृभाषी विद्यार्थीहरूको निमन्त्रणापत्र लेखन क्षमता राम्रो रहेको मान्न सकिन्छ ।

### ६.२.२ मध्यमान र मानक विचलनका आधारमा सरकारी विद्यालयका विद्यार्थीहरूको निमन्त्रणापत्र लेखन क्षमताको स्थिति

मध्यमान र मानक विचलनका आधारमा सरकारी विद्यालयका विद्यार्थीहरूको निमन्त्रणापत्र लेखन क्षमताको स्थिति, विद्यालय प्रकृतिका आधारमा कञ्चनपुर जिल्लाका

कक्षा एघारमा अध्ययनरत विद्यार्थीहरूको निमन्त्रणापत्र लेखन क्षमताको अध्ययन गरिएको छ। प्रतिनिधि जनसङ्ख्याका रूपमा रहेका १० ओटा विद्यालयका १०० जना विद्यार्थीहरूमध्ये ५० जना विद्यार्थीहरू सरकारी विद्यालयअन्तर्गतका रहेका छन्। जसलाई मध्यमान र मानक विचलनका आधारमा विश्लेषण निम्नानुसार गरिएको छ :

तालिका ६.७

**मध्यमान र मानक विचलनका आधारमा सरकारी विद्यालयका विद्यार्थीहरूको निमन्त्रणापत्र लेखन क्षमताको स्थिति**

| कुल विद्यार्थी संख्या | मध्यमान | मानक विचलन | मध्यमानभन्दा माथि | | मध्यमानभन्दा तल | |
|---|---|---|---|---|---|---|
| | | | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| ५० | २५.३ | ११.६७ | २६ | ५२ | २४ | ४८ |

उपरोक्त तालिकाअनुसार सरकारी विद्यालयको विद्यार्थीहरूको प्राप्त कुल प्राप्ताङ्क १२६५ रहेको छ भने मध्यमान २५.३ रहेको छ र मानक विचलन ११.६७ रहेको छ। सरकारी विद्यालयका प्रतिनिधि जनसंख्या ५० जनामध्ये ४८ प्रतिशत विद्यार्थीहरूको निमन्त्रणालेखन क्षमता मध्यमानभन्दा माथि रहेको छ भने ५२ प्रतिशत विद्यार्थीहरूको निमन्त्रणापत्र लेखन क्षमता मध्यमानभन्दा तल रहेको छ । यसरी समग्रमा मध्यमानलाई आधार मानेर हेर्दा विद्यार्थहिरूको निमन्त्रणालेखन क्षमता मध्यम रहेको मान्न सकिन्छ। यसरी मध्यमानभन्दा तल माथि अङ्क प्राप्त गर्ने विद्यार्थी सङ्ख्या ११.६७ रहेको पाइयो । त्यसकारण विद्यार्थीहरूको निमन्त्रणापत्र लेखन क्षमतामा धेरै विविधता रहेको मान्न सकिन्छ।

## ६.४ निजी विद्यालयका विद्यार्थीहरूको निमन्त्रणापत्र लेखन क्षमताको अध्ययन

### ६.४.१ प्रतिशतका आधारमा निजी विद्यालयका विद्यार्थीहरूको निमन्त्रणापत्र लेखन क्षमता

प्रतिशतका आधारमा निजी विद्यालयका विद्यार्थीहरूको निमन्त्रणापत्र लेखन क्षमतालाई निम्नानुसारको तालिकामा देखाइएको छ :

तालिका ६.८


प्रतिशतका आधारमा निजी विद्यालयका विद्यार्थीहरूको निमन्त्रणापत्र लेखन क्षमता

| जम्मा विद्यार्थी सङ्ख्या | ०-३९ प्रतिशत अङ्क ल्याउने | | ४०-५९ प्रतिशत अङ्क ल्याउने | | ६०-७४ प्रतिशत अङ्क ल्याउने | | ७५ प्रतिशतभन्दा माथि अङ्क ल्याउने | |
|---|---|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ५० | ५ | १० | २० | ४० | १४ | २८ | ११ | २२ |

माथिको तालिकाअनुसार कञ्चनपुर जिल्लाका कक्षा एघारमा अध्ययनरत निजी विद्यालयका विद्यार्थीहरूको प्राप्त प्राप्ताङ्कको प्रतिशताङ्कलाई चार श्रेणीमा विभाजन गरी विश्लेषण गरिएको छ । जसमा निम्न श्रेणीअन्तर्गत ०-३९ प्रतिशतसम्म अङ्क प्राप्त गर्ने विद्यार्थी संख्या ५ प्रतिशत १० रहेको छ । मध्यम श्रेणी ४०-५९ प्रतिशतसम्म अङ्क प्राप्त गर्ने विद्यार्थी संख्या २० प्रतिशत ३० रहेको छ भने उत्तम श्रेणीअन्तर्गत ६०-७४ प्रतिशतसम्म अङ्क प्राप्त गर्ने विद्यार्थी संख्या १४ प्रतिशत २८ रहेको छ । उत्तम श्रेणी ७५ प्रतिशतभन्दा माथि अङ्क प्राप्त गर्ने विद्यार्थी संख्या ११ प्रतिशत २२ रहेको पाइन्छ । समग्रमा मध्यम र उत्तम श्रेणीअन्तर्गत अङ्क प्राप्त गर्ने विद्यार्थी संख्या सबैभन्दा बढी रहेकाले निजी विद्यालयका विर्द्यीहरूको निमन्त्रणापत्र लेखन क्षमता सन्तोषजनक रहेको मान्न सकिन्छ ।

स्तम्भचित्र ६.३


निजी विद्यालयका विद्यार्थीहरूको निमन्त्रणापत्र लेखन क्षमता




माथिको स्तम्भचित्रलाई वृत्तमा देखाउँदा

वृत्त चित्र ६.४

वृत्तका आधारमा निजी विद्यालयका विद्यार्थीहरूको निमन्त्रणापत्र लेखन क्षमता



उक्त वृत्तचित्रअनुसार कञ्चनपुर जिल्लाका निजी विद्यालयका विद्यार्थीहरूको प्राप्ताङ्कलाई विद्यार्थी संख्या प्रतिशतका आधारमा डिग्री निकाली चार श्रेणीमा विभाजन गरी अध्ययन गरिएको छ । निम्न श्रेणी ०-३९ प्रतिशतसम्म अङ्क ल्याउने विद्यार्थी संख्या ५ प्रतिशत १०, डिग्री ३६ रहेको छ । मध्यम श्रेणी ४०-५९ प्रतिशतअन्तर्गत विद्यार्थी संख्या २० प्रतिशत ४० डिग्री १४४ रहेको छ । उत्तम श्रेणी ६०-७४ प्रतिशतअन्तर्गत विद्यार्थी संख्या १४ प्रतिशत २८ डिग्री १००.८ रहेको छ भने उत्तम श्रेणी ७५ प्रतिशतभन्दा माथि अङ्क प्राप्त गर्ने विद्यार्थी संख्या ११, प्रतिशत २२ डिग्री ७९.२ रहेको छ । समग्रमा हेर्दा निम्न अङ्क प्राप्त गर्ने र अति उत्तम अङ्क प्राप्त गर्ने विद्यार्थी संख्या कम रहेको र मध्यम र उत्तम अङ्क प्राप्त गर्ने विद्यार्थी संख्या बढी भएकाले निजी विद्यालयका विद्यार्थीहरूको निमन्त्रणापत्र लेखन क्षमता राम्रो रहेको मान्न सकिन्छ ।

### ६.४.२ मध्यमान र मानक विचलनका आधारमा निजी विद्यालयका विद्यार्थीहरूको निमन्त्रणापत्र लेखन क्षमता

विद्यालय प्रकृतिका आधारमा कञ्चनपुर जिल्लाका कक्षा एघारमा अध्ययनरत विद्यार्थीहरूको निमन्त्रणापत्र लेखन क्षमताको अध्ययन गरिएको छ । जसमा प्रतिनिधि जनसंख्याका रूपमा रहेका १०० जना विद्यार्थीहरूमध्ये ५० जना विद्यार्थी निजी विद्यालयअन्तर्गतका रहेका छन् । जसलाई मध्यमान र मानक विचलनका आधारमा निम्नानुसार विश्लेषण गरिएको छ :

तालिका ६.९

**मध्यमान र मानक विचलनका आधारमा निजी विद्यालयका विद्यार्थीहरूको निमन्त्रणापत्र लेखन क्षमता**

| कुल विद्यार्थी संख्या | मध्यमान | मानक विचलन | मध्यमानभन्दा तल | | मध्यमानभन्दा माथि | |
|---|---|---|---|---|---|---|
| | | | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| ५० | २९.३ | ४.९६ | २९ | ५८ | २१ | ४२ |

माथिको तालिकाअनुसार निजी विद्यालयका विद्यार्थीहरूको जम्मा अङ्क १४६७ रहेको छ । मध्यमान २९.३ रहेको छ भने मानक विचलन ४.९६ रहेको छ । निजी विद्यालयका

विद्यार्थीहरूको निमन्त्रणापत्र लेखन क्षमता मध्यमान भन्दा माथि ५८ प्रतिशत रहेको भने मध्यमानभन्दा तल ४२ प्रतिशत रहेको छ । अतः मध्यमानलाई आधार बनाएर हेर्दा निजी विद्यालयका विद्यार्थीहरूको निमन्त्रणापत्र लेखन क्षमता उच्च रहेको मान्न सकिन्छ । यसरी मध्यमानभन्दा तल माथि अङ्क प्राप्त गर्ने विद्यार्थी सङ्ख्या ४.९६ रहेको पाइयो । त्यसकारण विद्यार्थीहरूको निमन्त्रणापत्र लेखन क्षमतामा खासै विविधता रहेको पाइँदैद ।

## ६.५ सरकारी र निजी विद्यालयका विद्यार्थीहरूको निमन्त्रणापत्र लेखन क्षमताको तुलनात्मक स्थिति

प्रस्तुत अध्ययन कञ्चनपुर जिल्लाका कक्षा एघारमा अध्ययनरत विद्यार्थीहरूको निमन्त्रणापत्र लेखन क्षमतामा आधारित रहेको छ । उक्त अध्ययनमा ५० जना सरकारी र ५० जना निजी विद्यालयका विद्यार्थीहरूलाई प्रतिनिधि नमुनाका रूपमा छनोट गरिएको छ । सरकारी र निजी विद्यालयका विद्यार्थीहरूले लेखेका निमन्त्रणापत्रलाई आधार मानेर सरकारी र निजी विद्यालयका विद्यार्थीहरूको निमन्त्रणापत्र लेखन क्षमताको तुलना मध्यमानका आधारमा गरिएको छ ।

**तालिका ६.१०**

| विद्यालय प्रकृति | विद्यार्थी संख्या | मध्यमानभन्दा माथि | | मध्यमानभन्दा तल | |
|---|---|---|---|---|---|
| | | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| सरकारी | ५० | २४ | ४८ | २६ | ५२ |
| निजी | ५० | २९ | ५८ | २१ | ४२ |

माथिको तालिकाअनुसार सरकारी र निजी विद्यालयका विद्यार्थीहरूको समग्र मध्यमानलाई आधार मानेर विश्लेषण गर्दा सरकारी विद्यालयका विद्यार्थीहरूको संख्या मध्यमानभन्दा माथि २४ प्रतिशत ४८ रहेको पाइन्छ भने मध्यमानभन्दा तल २६ वा ५२ प्रतिशत रहेको पाइन्छ । निजी विद्यालयका विद्यार्थीहरूको संख्या मध्यमानभन्दा माथि २९ प्रतिशत ५८ रहेको छ भने मध्यमानभन्दा तल २१ वा ४२ प्रतिशत रहेको देखिन्छ । यसरी समग्रमा मध्यमानलाई आधार मानी हेर्दा सरकारी विद्यालयका विद्यार्थीभन्दा निजी विद्यालयका विद्यार्थीहरूको निमन्त्रणापत्र लेखन क्षमता उच्च रहेको निष्कर्ष निकाल्न सकिन्छ ।

# अध्याय सात

# सारांश, निष्कर्ष र उपयोगिता

## ७.१ सारांश

प्रस्तुत शोधपत्र कञ्चनपुर जिल्लाका भिमदत्त नगरपालिकाअन्तर्गतका कक्षा एघारमा अध्ययनरत विद्यार्थीहरूको निमन्त्रणापत्र लेखन क्षमतामा आधारित रहेको छ । निमन्त्रणापत्र लेखन भाषाका चारवटा सीपमध्ये लेखाइ सीपअन्तर्गत पर्ने व्यावहारिक रचना हो । निमन्त्रणा लेखनको मुख्य उद्देश्य विद्यार्थीहरूको स्वतन्त्र एवम् सिर्जनात्मक लेखन सीपको विकास गराउनु हो ।

यस अध्ययनको उद्देश्य प्राप्त गर्नका लागि कञ्चनपुर जिल्लाका भिमदत्त नगरपालिकाअन्तर्गतका १० ओटा विद्यालयका १०० जना विद्यार्थीहरूलाई नमुना जनसंख्याका रूपमा छनोट गरिएको छ । यसमा ५ ओटा सरकारी र ५ ओटा निजी विद्यालयका ५०/५० जना विद्यार्थीहरू रहेका छन् । छनोटमा परेका विद्यार्थीहरूबाट आवश्यक सामग्री  सङ्कलन गर्नका लागि २ ओटा प्रश्न रहेका छन् । दृष्टान्तअन्तर्गतको प्रश्न छोराको विवाहमा उपस्थित हुनका लागि आफ्ना आफन्तजनहरूलाई एउटा निमन्त्रणापत्र तयार पार्नुहोस् र अदृष्टांशअन्तर्गतको प्रश्न आफ्नो विद्यालयको वार्षिकोत्सवको अवसरमा एउटा निमन्त्रणापत्र तयार पार्नुहोस् रहेका छन् । अध्ययनकर्ताको प्रत्यक्ष सहभागितामा आवश्यक निर्देशन दिई निमन्त्रणापत्र लेख्न लगाइएको छ । उक्त उत्तरपुस्तिकालाई आदि मध्य र अन्त्यको आधारमा परीक्षण गरी निकालिएको तथ्याङ्कलाई प्रतिशतमा रूपान्तरण गरी व्याख्या विश्लेषण गरिएको छ ।

प्रस्तुत शोधपत्रको अध्याय एकमा अध्ययनको पृष्ठभूमि, समस्याकथन, उद्देश्य, अध्ययनको औचित्य, अध्ययनको परिसीमा र अध्ययनको रूपरेखाका बारेमा उल्लेख गरिएको छ । यस अध्ययनको अध्याय दुईमा पूर्वकार्यको पुनरावलोकन अन्तर्गत निमन्त्रणापत्रसँग सम्बन्धित पुस्तक समीक्षा, शोधपत्र समीक्षा रहेको छ भने सैद्धान्तिक पक्षसँग सम्बद्ध निमन्त्रणापत्रको सैद्धान्तिक परिचय निमन्त्रणापत्रका प्रकार, निमन्त्रणापत्र लेखनमा ध्यान दिनुपर्ने कुराहरू लेखन सीपमा निमन्त्रणापत्र लेखनको स्थान, माध्यमिक तहमा निमन्त्रणापत्र शिक्षणको प्रयोजन र माध्यमिक तहमा निमन्त्रणापत्र शिक्षणका क्रियाकलाप उल्लेख गरिएको छ ।

अध्याय तीनअन्तर्गत अध्ययन विधि र प्रक्रिया उल्लेख गरिएको छ । जसमा अध्ययन विधि, जनसंख्या र अध्ययन क्षेत्र, प्रतिनिधि नमुना, तथ्याङ्क सङ्कलनका साधनहरू (प्राथमिक स्रोत, द्वितीय स्रोत) तथ्याङ्क  सङ्कलन, व्याख्या विश्लेषण जस्ता अध्ययनका आधारहरू उल्लेख गरिएका छन् ।

प्रस्तुत शोधपत्रको अध्याय चारअन्तर्गत कञ्चनपुर जिल्लाका कक्षा एघारमा अध्ययनरत समग्र विद्यार्थीहरूको निमन्त्रणापत्र लेखन क्षमताको अध्ययन रहेको छ । यसमा समग्र विद्यार्थीहरू निमन्त्रणापत्र लेखनको व्याख्या विश्लेषण प्रतिशत, स्तम्भचित्र, वृत्तचित्र, डिग्री तालिका, डिग्री चित्र, मध्यमान र मानक विचलनको आधारमा गरिएको छ ।

यस अध्ययनको अध्याय पाँचमा कक्षा एघारमा अध्ययनरत विद्यार्थीहरूको लैङ्गिकताका आधारमा निमन्त्रणापत्र लेखन क्षमताको अध्ययन गरिएको छ । यसअन्तर्गत १० ओटा विद्यालयका ५० जना छात्र र ५० जना छात्राहरूको निमन्त्रणापत्र लेखन क्षमता आदि, मध्य र अनत्यका आधारमा विश्लेषण गरी प्रतिशताङ्क, स्तम्भचित्र, वृत्तचित्र, मानक विचलन र मध्यमानका आधारमा देखाइएको छ ।

यस शोधपत्रको अध्याय छमा भाषिक पृष्ठभूमि र विद्यालय प्रकृतिका आधारमा कञ्चनपुर जिल्लाका कक्षा एघारमा अध्ययनरत विद्यार्थीहरूको निमन्त्रणापत्र लेखन क्षमताको अध्ययन गरिएको छ । यसमा ५० जना नेपाली मातृभाषी र ५० जना गैरनेपाली मातृभाषी विद्यार्थीहरू रहेका छन् । प्रस्तुत अध्ययनमा भाषिक पृष्ठभूमिका आधारमा विद्यार्थीहरूको निमन्त्रणापत्र लेखन क्षमता प्रतिशताङ्क स्तम्भचित्र, वृत्तचित्र, मध्यमान र मानक विचलनका आधारमा देखाइएको छ ।

यस शोधकार्यमा विद्यालय प्रकृतिका आधारमा कक्षा एघारमा अध्ययनरत विद्यार्थीहरूको निमन्त्रणापत्र लेखन क्षमताको अध्ययन गरिएको छ । यसमा ५० जना सरकारी विद्यालयका र ५० जना निजी विद्यालयका विद्यार्थीहरूको निमन्त्रणापत्र लेखन क्षमताको व्याख्या विश्लेषण प्रतिशताङ्क, स्तम्भचित्र, वृत्तचित्र, डिग्री तालिका, मध्यमान र मानक विचलनका आधारमा गरिएको छ ।

## ७.२ निष्कर्ष

प्रस्तुत शोधपत्र कञ्चनपुर जिल्लाका कक्षा एघारमा अध्ययनरत विद्यार्थीहरूको निमन्त्रणापत्र लेखन क्षमताको अध्ययन शीर्षकमा केन्द्रित भएर तयार पारिएको छ । यस अध्ययनलाई पूर्णता प्रदान गर्नका लागि क्षेत्रीय अध्ययन विधिसँग सम्बन्धित भएर कञ्चनपुर जिल्लाका भिमदत्त नगरपालिकाअन्तर्गतका ५ ओटा सरकारी र ५ ओटा निजी विद्यालय गरी जम्मा १० ओटा विद्यालयका १०० जना विद्यार्थीहरूलाई  जनसङ्ख्याका रूपमा छनोट गरिएको छ । खोज र अनुसन्धानका क्रममा प्राप्त भएको नतिजालाई आधार मानेर निकालिएको निष्कर्ष देहायबमोजिम रहेको छ :

- निमन्त्रणा लेखन क्षमताको समग्र स्थितिलाई प्रतिशताङ्कका आधारमा हेर्दा १०० जना विद्यार्थीहरूमा निम्न श्रेणीअन्तर्गत ०-३९ प्रतिशतसम्म अङ्क ल्याउने विद्यार्थीहरूको संख्या १३ र प्रतिशत १३, मध्यम श्रेणी ४०-५९ प्रतिशतसम्म अङ्क ल्याउने विद्यार्थी संख्या ४४ र प्रतिशत ४४, उत्तम श्रेणी अन्तर्गत ६०-७४ प्रतिशतसम्म अङ्क ल्याउने विद्यार्थी संख्या २६ र २६ प्रतिशत रहेको छ भने उत्तम श्रेणीअन्तर्गत ७५ प्रतिशतभन्दा माथि अङ्क ल्याउने विद्यार्थी संख्या १७ र प्रतिशत १७ रहेको छ । समग्रमा ४०-५९ प्रतिशतसम्म अङ्क ल्याउने विद्यार्थी संख्या ४४ र ६०-७४ प्रतिशतसम्म अङ्क ल्याउने विद्यार्थी संख्या २६ भएकाले समग्र विद्यार्थीहरूको निमन्त्रणापत्र लेखन क्षमता मध्यम रहेको मान्न सकिन्छ ।
- मध्यमान र मानक विचलनका आधारमा हेर्दा विद्यार्थीहरूको प्राप्ताङ्कको मानक विचलन ३.६ रहेको छ । मध्यमानभन्दा माथि अङ्क प्राप्त गर्ने विद्यार्थी संख्या ४७ प्रतिशत ४७ र मध्यमानभन्दा तल अङ्क प्राप्त गर्ने विद्यार्थी संख्या ५३ र ५३ प्रतिशत भएकाले समग्र विद्यार्थीहरूको निमन्त्रणापत्र लेखन क्षमता मध्यम रहेको छ ।
- लैङ्गिकताका आधारमा छात्रा विद्यार्थीहरूको निमन्त्रणापत्र लेखनको प्रतिशताङ्क ४० प्रतिशतभन्दा माथि १०० प्रतिशतसम्म अङ्क प्राप्त गर्ने विद्यार्थी संख्या ८२ प्रतिशत रहेकाले छात्रा विद्यार्थीहरूको राम्रो रहेको मान्न सकिन्छ ।
- वृत्तका आधारमा छात्रा विद्यार्थीहरूको निमन्त्रणापत्र लेखन ४० प्रतिशतभन्दा माथि १०० प्रतिशतसम्म अङ्क ल्याउने विद्यार्थी ८३ प्रतिशत जसलाई डिग्रीमा लैजादा

२९१.६ रहेकाले वृत्तअनुसार कञ्चनपुर जिल्लाका छात्रा विद्यार्थीहरूको निमन्त्रणापत्र लेखन क्षता राम्रो रहेको छ ।

- मध्यमान र मानक विचलनका आधारमा हेर्दा छात्रा विद्यार्थीहरूको प्राप्ताङ्क मानक विचलन २४.६ रहेको छ । छात्रा विद्यार्थीहरूको मध्यमान २८.३ रहेको छ भने मध्यमानभन्दा माथि अङ्क लिने विद्यार्थी संख्या ४६ रहेकाले मध्यमान भन्दा माथि अङ्क लिने विद्यार्थी संख्या ५४ प्रतिशत रहेकाले छात्रा विद्यार्थीहरूको निमन्त्रणापत्र लेखन क्षमता सन्तोष जनक रहेको मान्न सकिन्छ ।
- छात्र विद्यार्थहरूको निमन्त्रणापत्र लेखन प्रतिशताङ्क ४० प्रतिशत भन्दा माथि १०० प्रतिशतसम्म अङ्क प्राप्त गर्ने विद्यार्थी संख्या ९२ प्रतिशत रहेका छन् । त्यसैले समग्रमा छात्र विद्यार्थीहरूको निमन्त्रणापत्र लेखन क्षमता राम्रो रहेको मान्न सकिन्छ ।
- वृत्तका आधारमा निमन्त्रणापत्र लेखन क्षमता ४० प्रतिशतभन्दा माथि १०० प्रतिशतसम्म अङ्क ल्याउने विद्यार्थी संख्या ९२ प्रतिशत जसलाई डिग्रीमा लैजादा ३३१.२ डिग्री रहेकाले डिग्री अनुसार कञ्चनपुर जिल्लाका छात्र विद्यार्थीहरूको निमन्त्रणापत्र लेखन क्षमता उच्च मान्न सकिन्छ ।
- मध्यमान र मानक विचलनका आधारमा छात्र विद्यार्थीहरूको प्राप्ताङ्क मानक विचलन ६.३७ रहेको छ भने मध्यमान २८.२४ रहेको छ । मध्यमान भन्दा माथि अङ्क प्राप्त गर्ने विद्यार्थी संख्या ५६ प्रतिशत र मध्यमान भन्दा तल अङ्क ल्याउने विद्यार्थी ४४ प्रतिशत भएकाले छात्र विद्यार्थीहरूको निमन्त्रणापत्र लेखन क्षमता राम्रो रहेको मान्न सकिन्छ ।
- भाषिक पृष्ठभूमिका आधारमा नेपाली मातृभाषी विद्यार्थीहरूको निमन्त्रणापत्र लेखन क्षमताको प्रतिशताङ्क ४० प्रतिशतभन्दा माथि १०० प्रतिशतसम्म अङ्क ल्याउने विद्यार्थी संख्या ९० प्रतिशत रहेकाले नेपाली मातृभाषी विद्यार्थीहरूको निमन्त्रणापत्र लेखन क्षमता राम्रो रहेको मान्न सकिन्छ ।
- नेपाली मातृभाषी विद्यार्थीहरूको निमन्त्रणापत्र लेखन ४० प्रतिशतभन्दा माथि १०० प्रतिशतसम्म अङ्क प्राप्त गर्ने विद्यार्थी संख्या ९० प्रतिशत रहेको छ । जसलाई डिग्रीमा लैजादा ३२४ डिग्री हुन आउँछ । डिग्रीअनुसार नेपाली मातृभाषी विद्यार्थीहरूको निन्त्रणापत्र लेखन क्षमता राम्रो रहेको छ ।

- मध्यमान र मानक विचलनका आधारमा नेपाली मातृभाषी विद्यार्थीहरूको प्राप्ताङ्क मानक विचलन १०.६५ र मध्यमान ३०.२८ रहेको छ । मध्यमानभन्दा कम ५२ प्रतिशत र मध्यमानभन्दा बढी ४८ प्रतिशत विद्यार्थीहरू रहेकाले नेपाली मातृभाषी विद्यार्थीहरूको निमन्त्रणापत्र लेखन क्षमता सन्तोषजनक रहेको मान्न सकिन्छ ।
- गैरनेपाली मातृभाषी विद्यार्थीहरूको निमन्त्रणापत्र लेखन क्षमता ४० प्रतिशतभन्दा माथि १०० प्रतिशतसम्म अङ्क ल्याउने विद्यार्थी संख्या ८४ प्रतिशत रहेकाले भाषिक पृष्ठभूमिका आधारमा गैरनेपाली मातृभाषी विद्यार्थहरूको निमन्त्रणापत्र लेखन क्षमता सन्तोषजनक रहेको मान्न सकिन्छ ।
- वृत्तका अनुसार गैरनेपाली मातृभाषी विद्यार्थीहरूको निमन्त्रणापत्र लेखन ४० प्रतिशतभन्दा १०० प्रतिशतसम्म अङ्क ल्याउने विद्यार्थी संख्या ८४ प्रतिशत रहेको छ, जुन डिग्रीमा लैजाँदा ३०२ डिग्री हुन आउँछ । समग्रमा डिग्रीअनुसार गैरनेपाली मातृभाषी विद्यार्थीहरूको निमन्त्रणापत्र लेखन क्षमता सन्तोषजनक रहेको मान्न सकिन्छ ।
- मध्यमान र मानक विचलनका आधारमा गैरनेपाली मातृभाषी विद्यार्थीहरूको प्राप्ताङ्क मानक विचलन ४.७, मध्यमान २७.७ रहेको छ । मध्यमानभन्दा तल अङ्क ल्याउने विद्यार्थी संख्या ६२ प्रतिशत र मध्यमानभन्दा माथि अङ्क ल्याउने विद्यार्थी संख्या ३८ प्रतिशत रहेकाले मध्यमानका आधारमा गैरनेपाली मातृभाषी विद्यार्थीहरूको निमन्त्रणापत्र लेखन क्षमता सामान्य रहेको छ भन्न सकिन्छ ।
- विद्यालय प्रकृतिका आधारमा सरकारी विद्यालयका विद्यार्थीहरूको निमन्त्रणापत्र लेखन क्षमताको प्रतिशताङ्क ४० प्रतिशतभन्दा माथि १०० प्रतिशतसम्म अङ्क ल्याउने विद्यार्थी संख्या ८४ प्रतिशत रहेकाले प्रतिशतका आधारमा नेपाली मातृभाषी विद्यार्थीहरूको निमन्त्रणापत्र लेखन क्षमता राम्रो रहेको मान्न सकिन्छ ।
- वृत्तका अनुसार सरकारी विद्यालयका विद्यार्थीहरूको सरकारी विद्यालयका विद्यार्थीहरूको निमन्त्रणापत्र लेखन क्षमता ४० प्रतिशतभन्दा माथि १०० प्रतिशतसम्म अङ्क प्राप्त गर्ने विद्यार्थी संख्या ८४ प्रतिशत रहेको छ । जुन डिग्रीमा लैजादा ३०२.४ हुन आउँछ । समग्रमा डिग्री अनुसार सरकारी विद्यालयका विद्यार्थीहरूको निमन्त्रणापत्र लेखन क्षमता राम्रो रहेको मान्न सकिन्छ ।

- मध्यमान र मानक विचलनका आधारमा सरकारी विद्यालयका विद्यार्थीहरूको प्राप्ताङ्क मानक विचलन ११.६७, मध्यमान २५.२ रहेको छ । मध्यमानभन्दा कम अङ्क ल्याउने विद्यार्थी संख्या ५२ प्रतिशत र मध्यानभन्दा बढी अङ्क ल्याउने विद्यार्थी संख्या ४८ प्रतिशत रहेको छ । समग्रमा मध्यमानभन्दा कम अङ्क ल्याउने विद्यार्थी धेरै नभएकाले सरकारी विद्यालयका विद्यार्थीको निमन्त्रणापत्र लेखन क्षमता राम्रो रहेको मान्न सकिन्छ ।
- निजी विद्यालयका विद्यार्थीहरूको निमन्त्रणापत्र लेखन प्रतिशताङ्क ४० प्रतिशतभन्दा माथि १०० प्रतिशतसम्म अङ्क प्राप्त गर्ने विद्यार्थी संख्या ९० प्रतिशत रहेको छ । यसरी समग्रमा प्रतिशताङ्कका आधारमा निजी तथा विद्यालयका विद्यार्थीहरूको निमन्त्रणा लेखन क्षमता उच्च रहेको मान्न सकिन्छ ।
- वृत्तका अनुसार निजी विद्यालयका विद्यार्थीहरूको निमन्त्रणापत्र लेखन क्षमता ४० प्रतिशतभन्दा माथि १०० प्रतिशतसम्म अङ्क प्राप्त गर्ने विद्यार्थी संख्या ९० प्रतिशत रहेको छ । जुन डिग्रीमा लैजाँदा ३२४ हुन आउँछ । समग्र डिग्रीअनुसार निजी विद्यालयका विद्यार्थीहरूको निमन्त्रणापत्र लेखन क्षमता राम्रो रहेको मान्न सकिन्छ ।
- मध्यमान र मानक विचलनका आधारमा निजी विद्यालयका विद्यार्थीहरूको प्राप्ताङ्क मानक विचलन ४.९६, मध्यमान २९.३ रहेको छ । मध्यमानभन्दा कम अङ्क प्राप्त गर्ने विद्यार्थी संख्या ४२ प्रतिशत, मध्यमानभन्दा बढी अङ्क ल्याउने विद्यार्थी संख्या ५८ प्रतिशत रहेको छ । समग्रमा मध्यमानभन्दा बढी अङ्क प्राप्त गर्ने विद्यार्थी संख्या बढी हुनाले मध्यमानको आधारमा नतिजा विश्लेषण गर्दा निजी विद्यालयका विद्यार्थीहरूको निमन्त्रणालेखन क्षमता उच्च रहेको मान्न सकिन्छ ।

## ७.३ उपयोगिता

निमन्त्रणापत्र लेखन भाषिक सीपहरूमध्ये लेखाइ सीपअन्तर्गत पर्ने सिर्जनात्मक रचना हो । एम.एड. चौथो सत्रको पाठ्यांश ५४४ को आंशिक आवश्यकता पूरा गर्नका लागि निम्न्त्रणापत्र लेखन क्षमताको अध्ययन गरिएको छ । निमन्त्रणापत्र लेखनसँग सम्बन्धित भएर धेरै अध्ययनहरू भएका छन् । यो अध्ययन विगतका अध्ययनभन्दा क्षेत्रगत, कक्षागत र उद्देश्यगत आधारमा भिन्न रहेको छ ।

प्रस्तुत अध्ययनका निम्नलिखित उपयोगिता रहेका छन् :

### ७.३.१ **नीतिगत तह**

- निमन्त्रणापत्र लेखन व्यावहारक रचनाअन्तर्गतको उत्कृष्ट रचना हो ।
- निमन्त्रणापत्रसँग सम्बन्धित अन्य खोज अध्ययन गर्न आधार प्रदान गर्नेछ ।
- लेखन सीप पहिचान गराउनमा सहयोग गर्नेछ ।
- निमन्त्रणापत्र लेखन क्षमताको अध्ययनले सिर्जनात्मक लेखन क्षमताको पहिचान गराउने छ ।
- यस अध्ययनबाट लेखनसीपका विविध पक्षको अध्ययन गर्ने आधार प्रदान गर्नेछ ।
- व्यावहारिक लेखन शिक्षणको महत्त्वबारे स्पष्ट पार्नेछ ।
- स्पष्ट र तथ्यमूलक खोज गर्न सहयोग गर्नेछ ।

### ७.३.२ **प्रयोगगत तह**

- प्रस्तुत शोधकार्यले विद्यार्थीहरूको निमन्त्रणापत्र लेखन क्षमताको बोध गराउने छ ।
- मानवीय दैनिकीमा आवश्यक पर्ने व्यावहारिक लेखन सीप विकासमा सहयोग पुऱ्याउनेछ ।
- निमन्त्रणा पत्र लेखनका आवश्यक तौर तरिका, ढाँचासम्बन्धी आवश्यक ज्ञान बोध गराउने छ ।
- लेखन सीपमा आवश्यक पर्ने विशिष्ट र मर्यादित भाषा प्रयोग गर्न सहयोग पुऱ्याउने छ ।
- यस अध्ययनले विद्यार्थीहरूको लेखाइ क्षमताको मूल्याङ्कन गरी कक्षा शिक्षणमा सहयोग पुऱ्याउने छ ।
- माध्यमिक तहका पाठ्यपुसतकहरू निर्माण गर्दा विद्यार्थीहरूको रुचि, चाहनाअनुसार पाठ्यपुस्तक निर्माण गर्नुपर्छ भन्ने कुरामा सहयोग पुऱ्याउँदछ ।
- प्रस्तुत शोधकार्यको नतिजा विश्लेषण वा मूल्याङ्कन गरी कक्षा शिक्षणमा आवश्यक सहयोग पुऱ्याउँदछ ।

## ७.४ सुझाव

कञ्चनपुर जिल्लाका कक्षा एघारमा अध्ययनरत विद्यार्थीहरूको निमन्त्रणापत्र लेखन क्षमताको अध्ययन शीर्षकको प्रस्तुत अध्ययनबाट प्राप्त निष्कर्षका आधारमा निम्नानुसारका सुझावहरू दिन सकिन्छ :

- निमन्त्रणापत्र लेखन क्षमता लेखाइ सीपको विशिष्ट कार्यकलापका साथै व्यावहारिक लेखन भएकाले भाषा पाठ्यपुस्तकमा यसलाई विशेष स्थान दिइनु पर्दछ ।
- प्रत्येक लेखन विधा शिक्षणसँगै व्यावहारिक लेखनका क्रियाकलापहरू पनि अभ्यास खण्डमा समावेश गरिनुपर्दछ ।
- लेखन कला सीप विकास सम्बन्धी क्रियाकलापमा छात्रछात्रा दुबै पक्षलाई सहभागिताका लागि प्रोत्साहन गर्नुपर्दछ ।
- विद्यालयका विद्यार्थीहरूको क्षमतालाई आगामी दिनमा अझै राम्रो बनाउनका लाग अध्यापनका क्रममा प्रवचन विधिको मात्र उपयोग नगरी कार्यमूलक ढङ्गले शिक्षण गर्नुपर्छ ।
- विद्यार्थीहरूलाई विभिन्न शीर्षकहरू दिई आदि मध्य र अन्त्यको ढाँचामा निमन्त्रणापत्र लेखन प्रेरित गर्नुपर्दछ ।
- विद्यालयको तल्लो तहदेखि उच्च तहसम्म व्यावहारिक लेखनसँग सम्बन्धित अभ्यासहरू समावेश गरिनुपर्दछ ।

## ७.५ भावी अनुसन्धानका लाग सम्भावित शीर्षकहरू

- कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको चिठी लेखन क्षमताको अध्ययन
- कक्षा ११ र १२ मा अध्ययनरत विद्यार्थीहरूको निमन्त्रणापत्र लेखन क्षमताको तुलनात्मक अध्ययन
- निमन्त्रणापत्र तथा चिठी शिक्षण गर्दा अपनाइने कार्यकलापहरूको अध्ययन
- कक्षा १० मा अध्ययनरत विद्यार्थीहरूको वादविवाद लेखन क्षमताको अध्ययन
- कक्षा ४ र ५ मा अध्ययनरत विद्यार्थीहरूको सस्वरवाचन क्षमताको तुलनात्मक अध्ययन

## सन्दर्भ सामग्रीसूची


अर्याल, कमला (२०७५), *कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको निमन्त्रणापत्र लेखन क्षमताको अध्ययन,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

आचार्य, इन्दिरा (२०६९), *म्याग्दी जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको निवेदनलेखन क्षमताको अध्ययन,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

कँडेल, महेशराज (२०६८), *वर्दिया जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको चिठीलेखन क्षमताको अध्ययन,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

काफ्ले, हरिप्रसाद (२०६८), *गुल्मी जिल्लाको कक्षा नौमा अध्ययनरत विद्यार्थीहरुको अनुच्छेद लेखन क्षमताको अध्ययन,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

खनाल, शान्ताकुमारी (२०७३), *इलाम जिल्लाका कक्षा एघारमा अध्ययनरत विद्यार्थीहरूको निमन्त्रणापत्र लेखन क्षमताको अध्ययन,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

गौतम, पवित्रा (२०६७), *सिन्धुली जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमताको अध्ययन,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

चन्द, सुसन (२०७१), *काठमाडौं जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको वादविवाद लेखन क्षमताको अध्ययन,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

जोशी, दुर्गाकुमारी (२०७३), *बझाङ जिल्लाका कक्षा एघारमा अध्ययनरत विद्यार्थीहरूको सूचना लेखन क्षमताको अध्ययन,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

ढकाल, कमला (२०७३), *कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको वादविवाद लेखन क्षमताको अध्ययन,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

पोखरेल, देवीप्रसाद (२०७३), *बि.एड. प्रथम वर्षका विद्यार्थीहरूको बधाइ लेखन क्षमताको अध्ययन,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

पौडेल, दयाराम (२०६५), *ललितपुर जिल्लाका कक्षा नौ पूरा गरेका विद्यार्थीहरुको वादविवाद लेखन क्षमताको अध्ययन,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

पौडेल, नेत्रप्रसाद (२०६६), *नेपाली भाषा शिक्षण,* काठमाडौँ : पैरवी प्रकाशन ।

पौडेल, माधवप्रसाद (२०७०), *नेपाली भाषा शिक्षण,* काठमाडौँ : विद्यार्थी प्रकाशन प्रा.लि. ।

बराल, कृष्णहरि र एटम, नेत्र (२०६४), *साधारण नेपाली (बी.एड.) व्याकरण अभिव्यक्ति र अभ्यास,* काठमाडौँ : हजुरको प्रकाशन ।

भट्टराई, रामप्रसाद (२०७३), *भाषिक अनुसन्धान विधि, परिचय र प्रयोग,* काठमाडौँ : शुभकामना प्रकाशन प्रा.लि. ।

भण्डारी, पारसमणि र अन्य (२०६६), *साधारण नेपाली,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

भण्डारी, पारसमणि र अन्य (२०७५), *भाषिक अनुसन्धान विधि,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

सुवेदी, केशव र अन्य (२०७२), *सबैको नेपाली,* काठमाडौँ : साझा प्रकाशन ।

सुवेदी, केशव र अन्य (२०७४), *सबैको नेपाली,* काठमाडौँ : साझा प्रकाशन ।

# व्यक्तिवृत्त

| | | |
|---|---|---|
| नाम | : | पुष्करराज पन्त |
| जन्ममिति | : | २०५१/०६/२९ |
| ठेगाना | : | लेकम गाउँपालिका-३, दार्चुला |
| बुवाको नाम | : | रतनपति पन्त |
| आमाको नाम | : | पार्वतीदेवी पन्त |
| नागरिक | : | नेपाली |
| लिङ्ग | : | पुरुष |
| तह | : | स्नातकोत्तर तह (एम.एड.) |
| सम्पर्क नं. | : | ९८४८७००३७५ |

**शैक्षिक योग्यता**

| तह | शिक्षण संस्था | उत्तीर्ण वर्ष |
|---|---|---|
| प्रवेशिका परीक्षा (एस.एल.सी.) | श्री हुनैनाथ मा.वि., दार्चुला | २०६५ |
| प्रवीणता प्रमाणपत्र तह (१०+२) | श्री हुनैनाथ उ.मा.वि., दार्चुला | २०६८ |
| स्नातक तह (बी.एड.) | श्री सिद्धनाथ बहुमुखी क्याम्पस, महेन्द्रनगर, कञ्चनपुर | २०७१ |
| स्नातकोत्तर तह (एम.एड.) | विश्वविद्यालय क्याम्पस, त्रि.वि., कीर्तिपुर | |